# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २५ साउन २०७९

# बुधवार

# बैठक सङ्ख्या- ४६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३ः०० बजे प्रारम्भ भयो ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय विमला घिमिरे ।

<u>**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>ः- माननीय अध्यक्षज्यू, गत वर्ष किसानहरूले स्यार्ने बेलाको धानबाली अत्याधिक वर्षाका कारणले नष्ट भयो । त्यतिबेला सरकारले क्षतिपूर्ति दिने भन्दै स्थानीय तहमार्फत त्यसो रेकर्ड माग्ने र बैङ्कमा खाता खोल्नेसम्मनका कुराहरू सरकार गर्न लगायो । तर सरकारले यसको क्षतिपूर्तिको त कुरै

छोडौं यो वर्ष धान रोप्नका निम्ति मलसमेत दिन सकेन के यो सरकारले के काम गरिरहेको छ ? यो सरकार जनताको समस्यामा कुनै लेखा जोखा राख्न सक्छ कि सक्दैन ? यो जनताले थाहा पाउनै छोडिसके ।

सम्माननीय अध्यक्षज्यू, र अहिले भर्खरै नेपाल सरकारले पटक पटक पेट्रोलियम पदार्थमा मूल्य वृद्धि गर्ने कुरामा हप्ता पनि बाँकी नराखी मूल्य वृद्ध गर्यो तर अहिले भारतमा मूल्य घट्दाखेरि फेरि त्यसको समायोजन गर्ने कुरामा कुनै चासो, कुनै जनतालाई राहत दिने कुरामा कुनै खालको .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय शारदा देवी भट्ट ।

**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, देशभर भैरहेको अविरल वर्षाका कारण जनताको धनजनको क्षतिको समाचार आइरहेको छ । सुदूरपश्चिमका ९ ओटै जिल्लामा वर्षाका कारण बाढी पहिरो आउँदो जनताले धेरै क्षति बेहोरन परेको छ । त्यसमा पनि विशेष कैलाली र कञ्चनपुरका जनता यसबाट ज्यदा प्रभावित भएका छन् । जसका कारण त्यहाँका जनताको दैनिकी कष्टकर भैरहेको अवस्था छ । गाँसवासको समस्या भैरहेको छ । वर्षाको प्रभावित जनताको, वर्षाले प्रभावित जनताको धनजनको क्षतिको न्यूनीकारण रोकथाम बाढी पीडित व्यवस्थापन क्षतिपूर्तिमा सरकारको यथाशीघ्र ध्यान दिनु म सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्न क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय प्रकाश पन्थ । समय सात मिनेट । यसपछि माननीय खिमलाल भट्टराई ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, वर्तमान सरकारका मुख्य तीनओटा काम हामी पहिलादेखि नै भन्दै आएका थियौं । एउटा त्यो चैत्र मसान्तभित्र; ०७८ सालको चैत्र मसान्तभित्र सबै नागरिकहरूलाई खोप पुऱ्याउने त्यसपछाडि संविधानको रक्षा प्रतिनिधि सभाको पुनर्स्थापना संसदको पूरा कार्यकाल संसदलाई चलाउने बचाउने राजनीतिक अस्तिरता रक्ने र आवधिक निर्वाचन स्थानीय तहको निर्वाचन सम्पन्न भैसक्या छ र सङ्घ प्रदेशको पनि त्यसको पनि तिथि मितिहरू तोकिएको अवस्थाहरू चैं छ । वर्तमान सरकारले आफ्नो जिम्मेवारी पूरा गरेको देखिन्छ यसरी सरसर्ती हेर्दाखेरि । कोरोनाको महामारीले जनताहरू महामारी नै जनताहरूले बिर्सिसके स्थानीय तहको निर्वाचन शान्तिपूर्ण तरिकाले समयमै सम्पन्न भएको छ र प्रदेशको पनि अबमा प्रदेश र प्रतिनिधि सभाको पनि हुँदै छ । यो अल्पआयूमै मर्नुपरेन यिनीहरूले आगामी ४ गतेको लागि तिथि मिति घोषणा भैसक्या छ । नेपाली काँग्रेसका सभापति सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाको नेतृत्वको यो सरकारलाई मैले धन्यवाद पनि भन्न पर्छ एउटा रेकर्ड पनि कायम भएको छ कि ? सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा नेतृत्वको सरकारले संविधान जारी भएपछिका लगातार दुवै निर्वाचन आम निर्वाचनहरू ०७४ साल र ०७९ सालका त्यो पनि तीनै तहको लागि सम्पन्न गर्ने अवसर प्राप्त गर्नुभा'को छ एउटा नयाँ रेकर्ड पनि हो । वाहाँलाई बधाई पनि भन्न चाहन्छु ।

र यसरी नेपाली काँग्रसको सभापति शेरबहादुर देउवाको नेतृत्वको वर्तमान सरकार गठन भएसँगै यो गठबन्धनको सरकार गठन भएसँगै केही मान्यताहरू चाहिँ स्थपित भएका छन् । केही अभ्यासहरूको चाहिँ स्थापितहरू पनि भएका छन् । अब कुनै पनि प्रधानमन्त्रीहरू जति सुकै मुर्ख भए पनि जति सुकै सङ्की भए पनि संसद भङ्ग भैहाल्ने स्थिति मुलुकमा छैन । अब प्रतिनिधि सभाले निश्चित आफ्नो निश्चित आफ्नो पूरा कार्यकाल चाहिँ पूरा गर्ने कुरामा अब कुनै सङ्का पनि छैन र संसद पूरा समय चल्ने कुराको एउटा मान्यता स्थपित भैसक्या छ । हरेक पाँच वर्षको वैशाखको आसपासमा स्थानीय तहको चुनाव हुन्छ कि हुँदैन ? भन्ने आङ्का मेटिएको छ । अब स्थानीय तह रिक्त नहुने खालको पनि एउटा मान्यता स्थपित भैसक्या छ । यसै गरी हरेक पाँच वर्षमा सङ्घ र प्रदेशको प्रतिनिधि सभा र प्रदेश सभाको चाहिँ चुनाव हुने कुरा मङ्सिर आसपासमा हुन्छ कि हुन्न ? भन्ने कुराको पनि

त्यो एउटा आशङ्का मेटेको छ । र प्रतिनिधि सभा पनि पूरा कार्यकाल चल्ने खालको यहाँहरूको एउटा मान्यता स्थपित भ'को छ । र अब यो राष्ट्र सभाको चलिरहेको छ । हरेक फाल्गुन दुई दुई वर्ष फाल्गुनअगाडि नै चुनाव हुन्छ र यो नहुने कुरामा कसैको चिन्तै छैन । त्यही भएर हाम्रो लोकतन्त्रको मुटु भनेकै आवधिक निर्वाचन हो । यसले देशमा राजनीतिक स्थिरता पनि कायम गर्छ । यसका केही गठबन्धन सरकार भए पछाडिका केही मान्यताहरू स्थपित भएका छन् । र जुन सदा सदाका लागि एउटा चाहिँ अडानका रूपमा रहिरहने खालका पनि छ ।

सम्माननीय अध्यक्ष महोदय, यो विगतका विभिन्न कालखण्डहरूमा हेर्ने हो भने । नेपालमा विभिन्न शक्तिशाली सरकारहरू देखियो । हामीले पठ्यौं सुन्यौं इतिहास पनि हेर्यौं । हामीले शक्तिशाली सरकार खोजेको चाहिँ होइन र'छ हामी चाहिँ सरकार शक्तिशाली होइन कि स्थायी राजनीतिलाई स्थायित्व राजनीतिलाई स्थिर गर्न चाहिँ हामीले खोजेको रैछौं मुलुकले खोजेको कुरा चाहिँ त्यो रहिछ । राजनीतिमा स्थिरता शासनमा व्यवस्था शासन व्यवस्थामा शान्ति भयो भने सुशासन भयो भने सेवा प्रभावमा पहुँच चुस्तता र जवाफदेहिता चाहिँ हामीले खोजेको रै'छ । व्यवहारमा विभेदरहित समाज खोजेको रै'छौं र हिंसारहित सामाजिक न्याय खोजेको रै'छ । समग्रहमा हेर्ने हो भने सरकारमा होइन कि राजनीति र व्यवस्थामा स्थिरता र मजबुतीकारण कुराहरू हामीले खोजेको हो । विगतको राजनीतिक सरकार..... हामीले विगतको राजनीतिक रूप पनि हेर्यौं ०७४ आसपासकै पनि हामीले हेर्यौं भने खालि सरकार बनाउने ढलाउने मै बढी खेलमा चैं राजनीतिक फस्या छ । राजनीतिक शक्ति अस्थिर भयो भने मुलुकमा अस्थ व्यवस्था हुने कुरा हामीले स्पष्टै देखिसक्यौं । राजनीतिमा र व्यवस्थामा स्थिरता भए पनि मुलुकले निकाश र जनताले विकास पाउने कुरारहित पाउने कुरा हामीले बुझिरहेको स्थिति पनि छ । मुलुकमा राजनीतिक स्थिरता भयो भने स्वतः नै शान्ति हुन सुव्यवस्था कायम हुने कुराहरू छ । त्यही भएर म यो सम्पूर्ण राजनीतिक दलहरूलाई अब यो राजनीतिक स्थिरताको बाटोमा अबको बाटो चाहिँ यो हो हामी त्यतातर्फ उन्मुख हुन पर्ने कुरा चाहिँ मैले यो यहाँ अनुरोध गर्न चाहन्छु ।

अध्यक्ष महोदय, नेपालमा पटक पटक ठुला ऐतिहासिक आन्दोलनहरू पनि भए क्रान्तिहरू पनि भए हामीले देख्यौं किसिम किसिमका शासन व्यवस्थाहरू ढाले शासकहरू पनि ढले; शासकहरू पनि ढले सामन्तवादहरू पनि परास्थ गयौं हामीले देखिसक्यौं ।

मुलुकमा शान्ति वाहाली भयो । संविधान ४ ओटा संविधान पनि लेखियो र जारी पनि भयो र अहिले मुलुक संविधान कार्यान्यवनकै चरणमा छ । संविधान निर्माणका शक्तिहरू फेरि एकै ठाउँमा उभिनुपर्ने स्थितिहरू अहिले एउटा चुनौती पनि दुईटै छ हामीसामु । यो एउटा चुनौती पनि छ । हाम्रोसामु त्यो एउटा देखा परेको छ । म एउटा के भन्न चाहन्छु भने एउटा बिरामीलाई एउटा मेजर अप्रेसन गर्यो भने पनि उसलाई पोस्ट अप्रेसनमा राखिन्छ । उसलाई उतिकै स्याहार सुसार गरिन्छ । उतिकै क्येर गरिन्छ । अप्रेसन सकियो भनेर चिकित्सकहरू, नर्साहरू कोही पनि भाग्दैनन् । त्यतिकै छोड्दा पनि छोड्दैनन् । परिणाम स्वरूप त्यो एउटा बिरामी विस्तारै तङ्ग्रिन्छ र नयाँ जीवन फर्किन्छ । त्यस्तै नेपालमा ठुल्ठुला आन्दोलन र क्रान्तिहरू सम्पन्न भए सामन्ति शासन व्यवस्थाहरू ढले तर त्यसपछाडिको पोस्ट क्रान्ति पोस्ट चाहिँ जन आन्दोलनको सङ्क्रमण कालमा चाहिँ राजनीति चाहिँ त्यहीँनिर चुकिरहेको स्थिति छ । त्यो राजनीतिक अस्थिरता भनेको त्यही सङ्क्रमण कालमा हामीले चुक्यौं त्यही हामीले गलत गरौं । त्यसको सही सदुपयोग हामीले सकिरहेका थिएनौं । जनआन्दोलन र क्रान्तिका राजनीतिक शान्तिहरू एक्ला एक्लै दैडिरहेको हामीले देख्यौं । उनीहरू एक्ला एक्लै भगिरहेका थिए । अप्रेसनमात्रै ठुलो कुरा थिएन नि त व्यवस्थालाई तङ्ग्र्याउने कुरा ठुलो कुरा थियो । जनतामा भरोसा र विश्वास कायम गर्नुपर्ने कुरा थियो । त्यस्तो चाहिँ हुन सकेकै थिएन । राजनीतिक शक्तिहरूमा व्यवस्था परिवर्तन गर्ने इच्छा तीव्र थियो । ठुलो शक्ति थियो त्यहाँ । लोकतन्त्र स्थापना गर्ने प्रतिबद्धता पनि थियो त्यहाँ । मिसन भिजन सबै कुराहरू थियो । तर आन्दोलनपछाडि सरकारमा जानेबाहेक क्रान्ति र जनआन्दोलनको प्रष्ट व्यवस्थापन के गर्ने कसो गर्ने त्यो सबै कुरा अलमल्ल सङ्क्रमणमा धेरै समय खेर गएकै हो ।

जनआन्दोलनको सफलपछि पनि विभिन्न कालखण्डमा मुलुकले राजनीतिक अस्थिरता अस्थ व्यस्थताको अस्थिर भुमरीमा मुलुक फसिरहेकै छ । आन्दोलनका राजनीतिक शक्तिहरू अलग अलग कुदेकै हुन् जनआन्दोलन सँगसँगै गरेकै हुन् । तर उपलब्धिलाई कार्यान्वयन गर्ने कुरामा उनीहरू एकलै कुदेकै र दाम्लो छिदाएरै भागेकै हो । संविधान लेखन र संविधान जारी भएपछाडि उज्यालो नै भएको थियो । घर एउटा नक्सा मात्रै तयारी भएको थियो घर त बनेकै थिएन । संविधानलाई सिरानीमा राखेर केही हुनेवाला थिएन । संविधान आफैले समृद्धि बोकेर घर घर आउनेवाला पनि थिएन । ०७४ सालको संविधान

कार्यान्वयन गर्ने तीनै तहको निर्वाचन सम्पन्न भएपश्चात् सबै संविधान निर्माण तथा राजनीतिक शाक्तिहरू एकै ठाउँको बसेर एउटै चाहिँ मिसनमा फेरि कुद्नुपर्ने अवस्थाहरू थियो । राजनीतिक अस्थिरता त्यसपछाडि पनि मचिरहेको अवस्थाहरू थियो र यसरी संविधानको राजनीतिक शक्तिहरूले दोम्लो छिनाएर भगेपछाडि सत्ताको उन्माद घमण्डमा चाहिँ फसेपछाडि पनि फेरि त्यसपछाडि पनि दुर्घटनाहरू भएको स्थिति हामीले देखेकै छौं । अध्यक्ष महोदय, अन्त्यमा यस्तो अस्तव्यस्ताका बिचबाट जन्मिएको वर्तमान सरकारले यो सारा चुनौतीहरूको सामना गर्नुपर्ने नै छ । जनतालाई भरोसा र विश्वासमा अड्याउनुपर्ने स्थिति पनि छ । र यो अवसर र चुनौती पनि हुँद छ । संङ्घीयताको औचित्यमाथि प्रश्न उठेको छ । संविधान र मौलिक हकको कार्यान्वयन प्रश्न उठेको छ । संविधान र लोकतान्त्रिक संविधान निर्माणका घटकहरू संविधान निर्माणका शक्तिहरू फेरि एकै ठाउँमा उभिएर गठबन्धनको औचित्व साबित गर्नुपर्ने छ । संविधान कार्यान्यवन गर्नुपर्ने छ । यी सबै कुराहरूलाई संयुक्त आगामी निर्वाचनमार्फत सन्देश दिन आवश्यक छ । म त्यसतर्फ सबै संविधानका शक्तिहरूलाई चाहिँ ठाउँमा उभिनको लागि आग्रह पनि गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय खिम लाल भट्टराई । समय पन्ध्र मिनेट । यसपछि माननीय गंगा कुमारी बेलबासे ।

**<u>माननीय श्री खिम लाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज यो देशमा सरकारको अवस्थाको बारेमा के भन्नु ? सरकार जनताको लागि देशको लागि सरकार छ र ? भने जस्तो भएको छ । सरकारले सुन्दैन । सरकारले देख्दैन । यो नै हाम्रो देशको एउटा गम्भीर समस्या बनेको छ । खास गरीकन यो महङ्गीको विषयमा आज मूल्य वृद्धिको विषयमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिको बारेमा सामान्यतया समायोजन गर्ने चलन हो । तर अहिले सरकारलाई यसबारेमा कुनै ध्यान छैन । भारतमा मूल्य घटेको छ । नेपालमा यथावत राखिएको छ । नियमले चाहिँ यो समायोजन हुनुपर्ने हो । यसको बारेमा सरकार बेखबर छ । सरकारले चासो दिराखेको छैन । र अरू पनि मूल्य वृद्धिको हिसाबले हेर्ने हो भने जनताको ढाड सेकिएको छ । ११७ प्रतिशतसम्म मूल्य वृद्धि भा' छ यस अवधिमा । यो एक वर्षको बिचमा डिजेलमा ७१

प्रतिशतले मूल्य वृद्धि गरियो । पेट्रोलमा ५४ प्रतिशतले मूल्य वृद्धि गरियो । एलपी ग्याँसमा २६ प्रतिशतले मूल्य वृद्धि गरियो । चामलको पिठोमा ११७ प्रतिशतले मूल्य वृद्धि भयो । कालो भटमाससमा ७५ प्रतिशतले मूल्य वृद्धि भयो । चामलमा ६७ प्रतिशतले मूल्य वृद्धि भयो । तोरीको तेलमा ५८ प्रतिशतले मूल्य वृद्धि भयो । एवम् रीतले खाद्यान्नमा यसरी जनताले उपभोग गर्ने खाद्यान्नलगायतका वस्तुहरूमा चाहिँ मूल्य वृद्धि हुँदाखेरि जनताको ढाड सेकिएको छ । आज हत्या, अपराधहरू बढेको छ किन ? यसको चाहिने हामीले कारण खोज्दै गयो भनेदेखि त्यो गरिबी हो । जनतामा गरिबी बढिरा'छ । र एउटा आशा हराएको देशको रूपमा नेपाल त्यसतर्फ जाँदै छ । आशा हराएको देश; आशै नभएको । सरकार छ सुन्दैनँ । सरकार छ देख्दैन । सत्तापक्ष छ ठुलो गठबन्धन बनाएर बस्या छ । तर उसलाई जनताको कुनै मतलबै छैन । लोकतन्त्रमा सरकारले संसदले वा राज्यका निकायहरूले सबभन्दा ध्यान दिनुपर्ने विषय भनेको त सबभन्दा ध्यान दिनुपर्ने ठाउँ भनेको त जनता होला नि समाज होला वस्तु होला । तर त्यसतर्फ कुनै ध्यान छैन । कुनै विषयमा यो सरकार गम्भीर छैन । यो पहिलै देखिनबाट भन्दै आएको विषय हो के । सरकारको ध्यान एउटै कुरामा छ । त्यो भनेको गठबन्धनमा बस । सरकारमा सत्तापक्षलाई सत्ता गठबन्धनलाई कसरी जोगाउने र यसलाई कसरी कायम गरेर अगाडि बढ्ने यो विषयबाहेक अरू जनताको विषयमा देशको विषयमा कुनै मतलब छैन । अब एउटा चाहिँ यो भन्न पनि अप्ठ्यारो छ । गठबन्धनभित्रका एक जना सिनियर नेता वाहाँ भारतको भ्रमण गर्नुभो' वाहाँ चाहिँ जापानको भ्रमण गर्नुभा' छ । तर कसरी भ्रमण गर्दै हुनुहुन्छ ? वा के बोल्दै हुनुहुन्छ ? र यसले हाम्रो देशको उचाइलाई हाम्रो देशको राजनीतिलाई परिवर्तनलाई कस्तो एउटा प्रभाव पारिरा' छ ।

पुष्पकमल दाहाल प्रचण्ड केही समयअगाडि भारत भ्रमण गर्नुभो' एउटा सिनियर नेताले विदेश भ्रमण गर्दाखेरि देशको उचाइ बढ्नुपर्ने हो । देशको एउटा जनताको सिर उचो हुनुपर्ने हो । तर अब भारत भ्रमण गर्नुभो' को कोलाई भेट्नुभो' ? के बैठक बस्नुभो' ? के निर्णय गर्नुभो' ? एकछिनलाई त्यो छोड्दिऊँ । वाहाँको तयारीकै विषयलाई हेर्ने हो भनेदेखि यहाँ सिनियर नेताहरूले सामाजिक सञ्जालमा लेख्नुभो' भारतीय प्रधानमन्त्रीसँग भेट हुन्छ । र वाहाँसँग भेटेर राष्ट्रियताको बारेमा कुरा हुन्छ । कालापानीको बारेमा लिम्पियाधुराको बारेमा लिपुलेकको बारेमा कुरा हुन्छ । एकदम देशको स्वार्थको देशको हितको कुरा हुन्छ भनेर

भनियो लेखियो । तर पछि भेटघाटै भएन तेत्रो सिरियन नेता पूर्व प्रधानमन्त्री यतिकै लुत्रुक फर्केको देखियो । यसले हाम्रो देशको यो परिवर्तनलाई देशको राजनीतिलाई कस्तो बनाउँछ ? के हो यो ? अनि जापान भ्रमण जानुभो' जापान भ्रमणमा जाँदाखेरि वाहाँले शानको साथमा भन्नुभो' पूर्व प्रधानमन्त्री जो अन्ति भर्खरै जसको हत्या गरिएको छ । सिन्जोआवे नेपाल आ'को बेलामा २/३ पटक कुरा कुराकानी भा' छ । वाहाँसँग नेपालको आपसी हितको बारेमा नेपाल जापानको आपसी हितको बारेमा २/३ पटक कुरा भा'छ विकास निर्माणको बारेमा गौरवको साथमा वाहाँले भन्नुभो' जब कि सिन्जोआवे नेपाल आउनुभएकै थिएन । यस्तो  खालेको यो हल्का प्रस्तुतिले हाल्का टिप्पणीले यो के हुन्छ यो ? एउटा सिनियर नेता देशको जिम्मा लिएको भनौं । यत्रो सत्ता गठबन्धन छ । हामी चलाएका छम् भनिएका छ । तर यस्तो हल्का प्रस्तुति यस्तो हल्का टिप्पणी यस्तो हाल्का तयारी यो के हो यो ? देश चल्छ ? लोकतन्त्र बलियो हुन्छ ? गणतन्त्र बलियो बनाउने सङ्घीयता बलियो बनाउने यस्तै तरिकाले हो ? देशको जिम्मा लिनुभनेको भने यसप्रति मेरो टिप्पणी छ; आलोचना छ । यस्तो नगरौं । यसले देशलाई हल्का बनाउँछ । जनताको सिर निहुराउँछ मेरो आग्रह
छ ।

ईपीजी प्रतिवेदनः केपी ओली नेतृत्वको सरकारले हिजो २०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री भएको बेलामा भारत भ्रमणमा जाँदाखेरि मनमोहन अधिकारीले २०५० को यो सन्धि असमान छ । यसलाई समयानुकूल परिवर्तन गर्नुपर्छ । पुनरावलोकन गर्नुपर्छ भनेर उठाउनुभो' । केपी ओली नेतृत्व सरकारले यो पुनरावलोकन गर्न आवश्यक छ । यो युगसापेक्ष बनाउन आवश्यक छ । १९५० को सन्धिलाई त्यसकारणले नेपालतर्फबाट भारततर्फबाट विज्ञ समूह बनाऊँ । विज्ञ समूहले अध्मयन गरोस् । आजको युग सुहाउँदो । पञ्चशीलको सिद्धान्तको आधारमा समानताको आधारमा त्यो असमान सन्धिलाई पुनरावलोकन गर्नुपर्छ भनेर ईपीजी बनायो । ईपीजीले आफ्नो प्रतिवेदन तयार गर्यो दुवै सरकारलाई बुझायो । तर भारतले बुझ्न मानेन किन मानेको छैन । किन मानेको छैन ? किन त्यो ईपीजी प्रतिवेदन त्यो विज्ञ समूहहरूको प्रतिवेदन किन बुझ्न मानेको छैन । र १९५० सन्धिलाई जो देशले आज पुनरावलोकनको माग गरेको छ । त्यो असमान छ भनेर भनेको छ । यसतर्फ अहिलेको सरकारले के भन्छ ? लुत्रुक्क परेर कान लुकाएर हिंड्ने हो कि ?

लत्राक लुत्रुक चाहिने लम्पसार पर्ने हो कि ? यो के हो यो ? यसतर्फ कुनै चाहिँ पहलकदमी छ ? यो सरकारले भन्ने गरेको कुटनीति के हो ? यसले कसरी यस्तो विषयलाई अगाडि बढाउँछ । म सोध्न चाहन्छु । यो जरुरी छ कि छैन ? अहिलेको सत्तापक्षको यो भनाइ हो कि होइन ? यो आवश्यक छ कि छैन ? यो देशको लागि । यसको चाहिँ उत्तर आओस् यसतर्फ पहलकदमी होस् । म भन्छु सरकारको जवाफ ओठे जवाफ कूटनीतिक प्रयासको कुरा यो २१ औं शताब्दीमा नदेखिने नसुनिने कूटनीति त्यस्तो कूटनीति हुन्छ जस्तो पनि लाग्दैन । यो अलिकति राजनीतिक हिसाबले नै अगाडि बढ्ने कूटनीतिमा पनि परिवर्तन भ'को छ भन्ने मलाई लाग्छ । तर यसतर्फ कुनै पहलकदमी वर्तमान सरकारले गरेको देखिन्नँ । पहलकदमी लिओस् भन्न चाहन्छु म । ओठे जवाफको अर्थ छैन । पहलकदमी लिओस् र यसलाई सच्याएर अगाडि बढ्ने एउटा वातावरण बनाओस् भन्न चाहन्छु म । कालापानी, लिम्पियाधुरा, लुपिलेकको बारेमा के भन्नु । यो फिर्ता गर्नुपर्ने विषय हो । यसतर्फ त सरकारको कुनै ध्यानै छैन नदेखे जस्तो । केही विषय नै छैन कि जस्तो भइसक्यो देशमा । विषय छैन ? यो विषय होइन ? त्यो चुच्चे नक्सा हामीले बनाएपछि त्यो काम सकियो ? त्यो फिर्ता गर्नुपर्ने विषय छैन ? कालापानीबाट भारतीय सेना फिर्ता गर्नुपर्ने विषय छैन ? त्यसको कूटनीतिक प्रयास के हो त्यो ? कहाँ पुग्यो ? कसरी अगाडि बढिरा' छ ? यो सरकारले केही काम गरेको छ ? एउटा कालो अक्षर पारेको छ सेतो कागजमा ? एक पाइलो अगाडि सारेको छ ? केही पनि छैन । लम्पसार सुनसान नदेख्ने । नसुन्ने । अरूले पनि नसुनिदिउन् आफूले नसुन्ने आफूले नदेख्ने त छँदै छ । यसले त अरूले पनि नसुनुन् र अरूले पनि नदेखुन् भन्ने हालतमा सरकार पुग्यो । यो हाम्रो देशको लागि दुर्भाग्यको कुरा हो ।

अर्को कुरा एसपीपीको लागि एसपीपीका विरुद्धमा संसद बोल्यो । देश बोल्यो एसपीपीको विरुद्धमा । यो चाहिँ हुन सक्दैनँ । यो आईपीएसको अङ्गको रूपमा अगाडि जान सक्दैन । सिङ्गो देशले बोल्यो यो कुरा र सरकारले अब हामीले फिर्ता लियौं । हामीले अमेरिकालाई चिठ्ठी लेख्यौं विरोध गर्‍यौं भनेर सरकारले भन्यो के चिठ्ठी लेख्यो ? चिठ्ठीमा के लेखियो ? यो सरकारप्रति शङ्का छ । यो राष्ट्रियताको मामिलामा यसले अडान लिन्छ । यसले सही कुरा लेख्छ भन्ने कुरामा हामीलाई शङ्का छ । के लेख्यो त ? यो संसदलाई जानकारी गराओस् के लेखियो ? के भनियो ? यत्रो विषय उठिसकेपछि बताउन मिल्दैन ?

त्यो चाहिँ त्यही सीसीटीभी फुटेज जस्तो हो । त्यस्तो सीसीटीभी फुटेज गायब गरे जस्तै, यसलाई पनि गायब गर्नुपर्छ ? लुकाउनुपर्छ ? यो बताउनु मिल्दैन ? यो सदनलाई बताउनु मिल्दैन ? जनतालाई बताउनु मिल्दैन ? प्रश्न उठेको विषय र आज बताउन मिल्दैन कूटनीतिक विषय हो भनेर भनिया छ । त्यसकारणले के लेखियो ? त्यो कुरा आओस् भन्न चाहन्छु म ।

एमसीसीको व्याख्यात्मक टिप्पणी यही सदनमा यही रोस्ट्रममा उभिएर यदि त्यो व्याख्यात्मक टिप्पणीलाई अमेरिकले सुन्दैन भने । मान्दैन भने । त्यो खारेज हुन्छ । त्यो एमसीसी कार्यान्वयन हुँदैन भनेर भनियो । तर आज अमेरिकाले सुन्दैन । अमेरिकाले मान्दैन । अमेरिकाले मानेको छैन । स्पष्ट रूपमा भनेको छ । हामी यसलाई मान्दैनौं । यो हाम्रो अमेरिकाको सिनेटले पास गरेको एसमीमी हो । यसमा कमा फुलस्टप पनि चेन्ज हुँदैन भनेर भनिरा' छ । के हुन्छ एमसीसी ? आज एमसीसीको कार्यान्वयनको लागि एसपीपी । आज एमसीसीको कार्यान्वयनको लागि तमाम् भ्रमणहरू भैरा' छ नेपालमा । यो कार्यान्वयनको प्रक्रिया अगाडि बढ्या छ कि छैन ? कि यो सुनसान अवस्थामा छ ? गठबन्धनको खास गरी माओवादी केन्द्रको भनाइ यसमा के छ ? माओवादी केन्द्रले लिएको अडान हामीले थाहा पाएको यदि व्याख्यात्मक टिप्पणी कार्यान्वयन भएन भने एमसीसी खारेज हुन्छ । एमसीसी हामी मान्दैनौं भनेर वाहाँले भन्नुभा' थियो । यही रोस्ट्रममा माओवादी केन्द्रका सिनियर नेता माननीय सांसदले वाहाँले भन्नुभा' थियो । आज के भन्नुहुन्छ ? आज के छ त्यसको स्टाटस त्यसको अवस्था के छ ? हामीले थाहा पाएसम्म अमेरिकाले मान्दैन । मानेन कुनै कमा फुलस्टप चेन्ज गर्न मान्या छैन । अनि यो फेरि पनि नदेखे जस्तो नसुने जस्तो थाहा नपाए जस्तो गरेर उम्किने हो ? यो विषय के हो ? यो व्याख्यात्मक टिप्पणी त्यति बेला पास गर्नका लागि पास गर्नको लागि एउटा लङ्गोटी बनाएको कुरा हो ? त्यो ? यस हिसाबले चाहिँ चल्छ ? यो राष्ट्रियतासँग जडिएको विषय हो । यो देशसँग जोडिएको, जनतासँग जोडिएको विषय भएको हुनाले यसका बारेमा एउटा स्पष्टताको आवश्यकता हुन्छ । र यो के भैराखेको छ ? र के मान्यता लिएर तपाईंहरू अगाडि बढ्दै हुनुहुन्छ ? सत्तापक्ष कसरी अगाडि बढिरा' छ ? सरकार कसरी अगाडि बढिरा' छ ? त्यसको बारेमा पनि स्पष्टता आउनुपर्छ भन्ने म ठान्छु ।

भ्रष्टाचारको विषयमा नेकपा एमाले नेकपा एमालेको तत्कालीन सरकार र आज नेकपा एमाले देशमा सुशासन लागु गर्नको लागि सुशासन स्थापित गर्नको लागि प्रतिबद्ध छ । भ्रष्टाचार मुक्त नेपाल बनाउने नेकपा एमालेको अविष्ट हो । त्योबाहेक नेकपा एमालेको कुनै योजना छैन । देशलाई सुशासन दिने देशलाई समृद्धि दिने, देशलाई विकास दिने, जनताको जीवन बदल्ने अठोट नेकपा एमालेको हो । र आज नेकपा एमालेप्रति प्रश्न उठाउँदै यहीँ राष्ट्रमबाट पटक पटक भनिने गरेको छ । म भन्न चाहन्छु । ओम्नीको बारेमा किन छानबिन नगरेको ? यो गठबन्धन सरकारले के हेरेर बसेको छ ? किन छानबिन नगरेको ओम्नीको बारेमा ? म यो संसदलाई मात्रै होइन यो संसदबाट म आम नेपाली जनतालाई सुन्ने गरी म भन्न चाहन्छु । नेकपा एमाले यहाँहरूले यो सत्तापक्षले भने जस्तो कतिपय माननीयजीहरूले यहा आएर उभिएर भने जस्तो ओम्नीमा यती ओल्डिङ्समा वाइट बडीमा नेकपा एमाले कुनै दोष छैन । नेकपा एमालेले कुनै गल्ती गरेको छैन । र देशको लागि राष्ट्रको लागि जनताको लागि काम गरेको छ र म यहीबाट चुनौती दिन चाहन्छु । यो अहिलेको गठबन्धन सरकारले १/ १ विषयको छानबिन गरोस् । १/१ विषयको विषयको छानबिन गरोस् र उसले गल्ती छ भने दण्डित गरोस् म भन्न चाहन्छु । हामी जोगिनुपर्ने छैन र हामी यो देशमा सुशासन स्थपित गर्न चाहन्छौं । भ्रष्टाचार मुक्त नेपाल निर्माण गर्न चाहन्छौं ।

अर्को विषय चुनावको तयारीको बारेमा चुनाव घोषणा भएको छ । यो संविधानले किटान गरेको विषय हो । कसैले हामीले घोषणा गर्यौं । उम्किने ठाउँ नै छैन त । हामीले घोषणा नगरेर के गर्ने ? यो संवैधानिक विषय हो । यसकारणले यो घोषणा हुने कुरा स्वाभाविक हो र कतै सरकारले गलत गर्छ कि भनेर हाम्रो खबरदारी थियो र आज घोषणा भएको छ । तर चुनावको तयारी भनेको चाहिँ धाँदलीको तयारी नहोस् । आज कर्मचारी प्रशासन कर्मचारीलाई स्क्रिनिङ गरेर को चार तारे हो ? चार तारे संवद्धको हो भनेर खोज्ने स्क्रिनिङ गर्ने र ठाउँ ठाउँमा भर्ती गरेर । भोलि चुनावमा धाँदली यो गठबन्धनले मात्रै पुगेन कर्मचारीलाई धाँदली गर्न लगाउनुपर्यो । पुलिस प्रशासन लगाएर धाँदलीको तयारी गर्नुपर्यो यस हिसाबले सरकारले अनि आर्थिक परिचालन । आज अमानतमा प्रदेशहरूमा तयारी भ'को हामीले सुनेका छौं । दस लाख रुपियाँसम्म दस लाखसम्मको चाहिँ अमानतमा काम गर्न पर्ने ठेक्का दिन नपर्ने यस्तो हिसाबले तयारी गरेको हामीले बुझिएको छ । त्यसकारणले यस्तो

तयारी नहोस् । यसले लोकतन्त्रलाई कमजोर बनाउँछ । हाम्रो चिन्ता देश र जनताप्रतिको चिन्ता हो । लोकतन्त्र, गणतन्त्रप्रतिको चिन्ता हो । सङ्घीयताप्रतिको चिन्ता हो । यसमाथि प्रश्न उठ्ने स्थिति नबनोस् । चुनावले पनि त्यो कुरा निर्धारण गर्छ । त्यसकारण सरकारले धाँदलीरहित निष्पक्ष चुनावको सुश्चितता गरोस् । धन्यवाद ।

**पीठासीन**ः- माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय गंगा कुमारी बेलबासे । समय पाँच मिनेट । त्यसपछि माननीय सिंग बहादुर विश्वकर्मा ।

**माननीय श्री गंगा कुमारी बेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभामा सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता भएर छलफल भयो । यहाँ महिलाहरूको समान प्रतिनिधित्वको लागि प्रस्तावमा उल्लेख भएको छ । लेखिएको छ । महिलाहरूको सयौं वर्षको सङ्घर्ष र सय वर्षको सङ्गठित आन्दोलनको कारणले हामीले धेरै क्षेत्रमा अधिकारहरू पाएका छौं । महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हरेक क्षेत्रमा । राज्यका हरेक क्षेत्रमा प्रतिनिधित्वको सुनिश्चितता हाम्रो संविधानले गरेको छ । र हामीले लामो लडाइँपछाडि पैतृक सम्पत्तिमा महिलाहरूलाई समान अधिकार हुनुपर्छ भनेर भनेका छौं र त्यहाँ समान अधिकारको लागि विभिन्न व्यवस्थाहरू भएका छन् । अझै सुनिश्चित हुन सकेको छैन । र सबै महिलाहरूले त्यसमा आफ्नो सक्रियतासहित सङ्घर्ष गरेर दिन सकिने अवस्थाहरू आज रहेको छ । ..... सङ्घर्षको आवश्यकता छ ।

यस्तै गरेर संविधानमा समावेशी समानुपातिकताको प्रतिनिधित्वको लागि व्यवस्थाहरू भएको छ । तर अहिले प्रत्यक्षमा महिलाहरूको उम्मेदवारी नपर्ने पर्दै नपर्ने परिसकेपछि पनि जित्न नसक्ने ठाउँमा दिने र महिलाहरू प्रत्यक्षबाट आउन नसक्ने यस्तो अवस्था लगातार सृजना भैराखेको छ । पहिलेको प्रत्यक्षमा उम्मेदवारी दिने क्रम पनि घट्दै गैराखेको छ र अहिले जम्मा प्रतिनिधि सभामा ६ जनाले मात्रै जितेर आउनुभ'को स्थिति छ । त्यसो भ'को हुनाले संविधानमा भएका व्यवस्थाहरू कानुनमा भएका व्यवस्थाहरू लागु गर्नको लागि पनि यो सार्वजनिक महत्त्वको प्रस्ताव जरुरी थियो र त्यसरी आएको छ भन्ने मलाई लागेको छ ।

र हरेक क्षेत्रमा प्रमुख उपप्रमुखमा एक जना महिला अनिवार्य भनेर हामीले भनेका छौं । तर दलहरूले यो गठबन्धनको कारणले कतिपय ठाउँमा महिलाहरूको ठिक ढङ्गको प्रतिनिधित्व हुन सकेको छैन । प्रमुख उपप्रमुख दुइटैमा पुरुषहरूको सहभागिता हुने स्थिति सृजना हुने भयो । त्यसो भ'को हुनाले । त्यसमा पनि ठिक ढङ्गले व्यवस्था गरियोस् भन्ने म माग गर्न चाहन्छु । प्रत्यक्ष निर्वाचित र समानुपातिक सांसदहरूलाई हेर्ने दृष्टिकोणमा पनि केही फरकहरू आएको छ । ए तपाईं कुन ठाउँबाट ? समानुपातिक हो ? भनेर सोधिने प्रचलन पनि छ । महिलालाई देख्नेबित्तिकै र यो महिला समानुपातिकमा र पुरुषहरू चाहिँ प्रत्यक्षमा हो भन्ने खालको लगभग बुझाइ नै बन्ने जस्तो स्थिति देखापरेको छ । त्यसो भ'को हुनाले समावेशी भएर समानुपातिकबाट प्रतिनिधित्व हुने पुरुषहरूमा पनि अन्याय भएको छ । समावेशी ढङ्गले जानुपर्ने प्रत्यक्षमा जान नसकिने पुरुषहरू लगातार अन्दोलनमा लागेको लगातार राजनीतिमा लागेका पुरुषहरू पनि समानुपातिकमा महिलालाई पठाउनुपर्ने कारणले वैकल्पिक व्यवस्था गरेर महिला पठाउनुपर्ने भ'को हुनाले त्यसरी चित्त बुझाएर बस्ने स्थिति सृजना भ'को छ । र मैले यसमा के भन्न चाहन्छु भने महिलालाई प्रत्यक्षमा उम्मेदवार उठाइयोस् । समानुपातिक ढङ्गले उम्मेदवार उठाइयोस् र समानुपातिकमा पनि पुरुषहरूलाई समानुपातिक व्यवस्थासहित जान पाउने व्यवस्था गरियोस् भन्दै म सार्वजनिक महत्त्वको प्रस्तावमा एवमबद्धता जाहेर गर्दै आफ्नो भनाइ यहीँ अन्त्य गर्न चाहन्छु । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सिंह बहादुर विश्वकर्मा । समय छ मिनेट । त्यसपछि माननीय शेखर कुमार सिंह ।

**माननीय श्री सिंह बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, गत आठ वर्षअगाडि २०७१ साल साउन १७ गते गएको विनासकारी जुरे पहिरोले सिन्धुपाल्चोक जिल्लाको बलेफी र त्रिपुरासुन्दरी गा. पा. बाह्रबिसे न. का. पा. का चारओटा वडाहरूका त्यतिखेर १४५ जनाको मृत्य र अरबौंको धनजनको क्षति पुऱ्याइएको सर्वस्व गुमाएका परिवारलाई रहत दिनको लागि त्यतिखेर जिल्ला विपद व्यवस्थापन समितिको खातामा करिब २ करोड २४ लाख रुपियाँ रकम दाताहरूको सहयोगमा सङ्कलन भएको थियो । सोङ्करकम त्यतिखेर वितरणमा ढीलाइ हुँदा सरकारले रोक्का

गरेको थियो पटक पटक संसदको ध्यानाकर्षण र स्थानीय सरकारको पहलसहित हालै असार १५ गते सरकारले स्वरकम सार्वजनिक हितमा उनीहरूले छनोट गरेको योजना सामुदायिक विकास तथा पूर्वाधार परियोजनामा गर्ने निर्णयसहित फुकुवा गरेकोप्रति त्यहाँका पीडित स्थानीय जनताहरू दुखित छन् । त्यहाँका पीडित स्थानीय जनताहरू दु:खित छन् । तसर्थ उनीहरूको मागबमोजिम वास्तविक पहिचान गरी उनीहरूको जीविकोपार्जन तथा पुनः स्थापनामा खर्च गर्ने निर्णय सच्याइ उनीहरूको मागबमोजिम वितरण गर्न म सम्बन्धित निकायको ध्यानाकर्षित गर्दछु ।

सम्माननीय अध्यक्षज्यू, म यो राष्ट्रिय दलित आयोगको बारेमा केही जानकारीहरू राख्ने अनुमति चाहन्छु । सम्माननीय अध्यक्षज्यू, संविधानको धारा २५५ मा नेपालमा एक राष्ट्रिय दलित आयोग रहने व्यवस्था छ । सोहीअनुरूप संविधानकै धारा २५७ मा राष्ट्रिय दलित आयोगले आवश्यकताअनुसार अनुरूप प्रदेशमा समेत आफ्नो कार्यालय व्यवस्था गर्ने, गर्न सक्ने भन्ने व्यवस्था रहेको छ । यसरी संवैधानिक रूपमा व्यवस्था गरिएको राष्ट्रिय दलित आयोगले खेल्नुपर्ने भूमिका प्रभावकारी नभएकोप्रति दलित समुदाय चिन्तित छन् । यसबिचमा देशैभरि दलित समुदायमाथि हत्या हिंसा घटनाहरू दिन प्रतिदिन घटिरहेका छन् । नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा दलित समुदायका मुद्दाहरू सम्बोधन हुन सकेको छैन । दीर्घकालीन विकासका लक्ष्य २०३० तथा हरेक दुई वर्षमा संयुक्त राष्ट्र सङ्घमा पठाउनपर्ने रिपोर्ट पठाइएको पाइएको छैन । नेपालको संविधानले तीन वर्षभित्र बनाइसक्नुपर्ने कानुनसमेत बन्न सकेको छैन । जसका कारण भूमिहीन, दलित, सुकुमबासी तथा आवासविहीन दलित समुदायलाई कानुनबमोजिम जग्गा उपलब्ध गर्न सकिरहेको छैन भने हालै मात्र नेपाल सरकारले मधेस प्रदेशलाई हरुवा चरुवा मुक्त घोषणा गरेको छ । उनीहरूको पुनः स्थापना बारेसमेत आयोग वेखबर छ । संविधानबमोजिम आयोगको कार्यालय सातै प्रदेशमा स्थापना गर्नुपर्ने विषयमा लगायत हिजो राज्य सत्ताबाट आफ्नो हक अधिकार खोसिएका सामाजिक उत्पीडन र जातीय छुवाछुत भेदभावबाट पिल्सिएका लाखौं दलित समुदायको अधिकार स्थापित र कार्यान्वयन गराउने विषयमा प्रति गम्भीरतापूर्वक लिन आयोगले आफ्नो काम, कर्तव्य र दायित्व पूरा गर्न नेपाल सरकार सम्बन्धित निकायको ध्यानाकर्षण होस् भन्ने, म यस गरिमामय सदनबाट भन्न चाहन्छु र मेरो भनाइ पनि यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय शेखर कुमार सिंह । समय पाँच मिनेट । त्यसपछि माननीय सुरेश कुमारी आलेमगर ।

**माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, रोस्ट्रममा बोल्दाबोल्दै कोसित हाल्यो कोशी त पसिहाल्यो क्यारे । मैले त्यहीं बेलामा सचेत गराया थिएँ । जलस्रोत मन्त्रीजीले बडा सार्थकतापूर्वक बोलाएर कुरो पनि गर्नुभए थियो । तर खोइ त्यो व्यवस्था नहुन सकेका नाताले आज सुनसरी, उदयपुर र सप्तरीका केही उत्तरी भूभागका लगभग २० हजार जनता जति विस्थापनमा पर्न बाध्यता भैरहेछ । त्योबेलमा मात्रै हामीले विचार पुऱ्याएर काउन्टर पार्ट हामी कुरो गरेर बेलकाबाट सोजिएको खोलाले अगर हामी फर्काउन सक्थौं भने आज यो अवस्था भोग्ने अवस्था थिएन हामीले । तर अझ पनि केही बित्या छैन । म सरकारलाई गम्भीर बन्न आग्रह गर्दै छु । अगर बेलकाबाट केशी फुट्यो भने मेरो कुरो सत्य नहोस् । तर यो कोशीको सीमाना कम्तीमा रौतहट पुग्छ । छेऊ छेऊबाटै रौतहतसम्म जान्छ । यस्तो गर्नबाट सरकारले समयमै आफ्नो काउन्टर पार्टलाई मिटिङ राख्न लगाएर व्यवस्थापनमा जोड दिनुपर्छ र व्यवस्थापन गराइदिनुपर्छ ।

कोलाहल मच्या छ । पचासौं वर्षका बस्ती उजाड भएर पुग्या छ । बडा राम्रो स्लोगन छ यिनीहरू त कोशीमा गएर बसे । अरे यार त्यो पनि याद गर्नुस् न । विक्रम संवत् १९९९ मा कोशी आ'छ । त्योभन्दा पहिला कहाँ थियो कोशी त्यो पनि सम्झने गर्नुस् साथी हो । जसले भन्छन् यो कोशीमा गएर बस्यो त्योभन्दा अगाडिका कोशी पनि सम्झिदिएदेखि हुन्थ्यो । र आज १४ हजार विगा जग्गा चन्द्र नहरको सिचाइँमा कमान्ड क्षेत्रमा रहेको जग्गाबाट पनि हामी हात धुने अवस्थामा आउने थिएन । त्यसलाई पनि विचार गरियोस् । र अहिले पनि केही बित्या छैन । अहिले पनि भेल आउने बेला समाप्त भैसकेको पनि छैन । यसमा हामीले व्यवस्थापन गरियोस् भन्ने यो सम्माननीय अध्यक्षज्यूमार्फत सरकारसँग माग गर्न चाहन्छु ।

सँगै सम्माननीय अध्यक्षज्यू, भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न भा' छ । विभिन्न जिल्लाबाट कम्तीमा २०/२५ फोन आउँछ । चुनाव त सम्पन्न भो' ठिक छ । चुनावमा

सम्पन्न भएर निर्वाचित पदाधिकारीहरू आए तर करारमा काम गरिराख्या मान्छेहरूले किन यो स्थानीय सरकारहरूले विस्थापित गरेर आखिर त कसैलाई ल्याएर त्यही काम गराउने हो नि । त्यो विस्थापनका काम जो भैराख्या छ यसले पनि यथाशीघ्र रोकियोस् ।

तेस्रोः हाम्रो ससरी उद्योग वाणिज्य सङ्घबाट मलाई ध्यानाकर्षण गरा' छ । नेपालकै उद्योग वाणिज्य सङ्घहरू मध्येभन्दा त्यो पनि जेठो नै पर्न आउँछ जस्तो लाग्छ २०१३ सालमा स्थापित भएको उद्योग वाणिज्य संघ हो । हामो बोर्डर छेऊको जिल्ला बस्ने बासिन्दाहरू छौं । त्यहाँ लुगा फाटाका व्यापारीहरू सारै मर्कामा पर्‍या छ । सरकारले एलसीको मार्फतबाट लुगा मगाऊ भन्छ । एउटा डिजाइनको लुगा यिनले १ करोडको लुगा ल्याउन कसैको हैसियत छैन । यिनीहरू सबै मिलाएर डिजाइन मिलाएर डिमान्ड मिलाएर ल्याउने गर्थे र त्यसको भन्सार तिरेरै आउँथ्यो । आज प्रत्यक्ष सरकारले गर्दा भैराख्या छ । योभन्दाको अगाडिको भन्सारमा महशुल हेरोस् सरकारले आजको भन्सार महशुल हेरौं । त्यसैकारणले यसलाई पनि मैले सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ध्यानाकर्षण मात्रै होइन यो व्यापारीलाई छिटोदेखि छिटो सम्बोधन होस् । यिनीहरू पनि सरकारका राजस्व तिरेरै सामान ल्याउन खोज्या हो । कुनै भन्सार छली गरेर ल्याउन खोज्या होइन त्यसको लागि सहज वातावरण बनोस् र यिनीहरूका मागलाई पनि सम्बोधन गर्छन् भन्ने सम्माननीय अध्यक्षज्यू, मैले आशा राख्या छु । धेरै यिनीहरू मर्कामा पर्‍या छ व्यापारीहरू । सबै थोक एलसीमा मागाउनु त राम्रै कुरो हो तर उसको त्यो रिक्वायरमेन्ट भनेको मिट हुनुपर्‍यो नि त्यसैकारणले (अब मेरो समय सीमा पनि समाप्त हुन बत्ती बलिसक्या छ ।) सम्माननीय अध्यक्षज्यू, मेरो यी तीनटा विषय थियो । एउटा विषय त मैले निवेदनसहित तपाईंलाई नै बुझाउँदै छु । त्यसमा ध्यान दिएर सरकारले यसलाई घोषणा गर्ने छ भन्ने आशा राख्दै । म आफ्नो दुई शब्द यहीं अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सुरेश कुमार आलेमगर । समय आठ मिनेट । त्यसपछि माननीय उदय बहादुर बोहरा ।

**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- .....(आवाज नसुनिएको) । लुम्बिनी, बागमती, गण्डकीले पहिचान खोजे जस्तै गरेर

निरङ्कुश तानाशाही पञ्चायतीमा भएका नामहरूलाई नै सापटी दिँदै फेरि जुन नामाकरण गरियो । त्यसमा चाहिँ आजवासी जनजातिहरूको दलित, मधेसी उत्पीडित जनताको आपत्ति छ असहमति छ । त्यसै गरी यतिबेला एक नम्बर प्रदेशको अहिलेसम्म नामाकरण भएको छैन । त्यसको नामाकरणको लागि प्रयासहरू भैराख्या छन् । यति नै बेला जनताले आन्दोलन पनि गरिरहेका छन् । कम से कम आन्दोलन गर्न जनताको चाहिँ के छ अपक्षे भन्ने ? अरू प्रदेशको त नाम राख्न सकिएन पहिचानको आधारमा यो एक नम्बर प्रदेशको चाहिँ नाम पहिचानको आधारमा राखियोस् । किनकि पहिचान मैले फेरि जोड दिएर दोहोऱ्याउन चाहें खोला नालाले मागका थिएनन् । डाँडा, काँडा, पहाड, हिमालले मागेका थिएनन् । पहिचान अधिकार जनताले मागेका थिए । उत्पीडित समुदायले मागेका थिए । त्यसैले एक नम्बर प्रदेशको नामाकरणको लागि जुन आन्दोलन चलिरहेको छ त्यो आन्दोलनको पक्षमा म यो रोस्ट्रमबाट एकेबद्धता जाहेर गर्न चाहन्छु । समर्थन गर्न चाहन्छु । र म आह्वान पनि गर्न चाहन्छु । एक नम्बर प्रदेश जो जुन नामाकरण हुन बाँकी रहेको छ । त्यसको नाम कम से कम पहिचानसहित पहिचानको आधारमा खोला, नाला, डाँडा, काँडा, पहिलाको आधारमा होइन । जनताले मागेको मागको आधारमा नामाकरण गरियोस् ।

र यहाँ केही कुराहरू यहाँ उठे । जस्तै अब भ्रष्टाचार गरेकोमा चाहिँ कारबाही गर्ने कुरा ठिकै हो । भ्रष्टाचार गर्नेलाई कारबाही गर्ने नै हुन्छु । तर कतिपय कुरा चाहिँ कतिपय कुरा के छ भन्दाखेरि कारबाही गर्नलाई धेरै तारतम्य मिलाउनुपर्ने हुन्छ । यसरी ओम्नीको सम्बन्धमा कारबाहीको माग गर्ने माननीयज्यूले कुरा राखिरहँदा, मलाई चाहिँ के भन्नु मन लाग्छ भने आफ्नै पार्टीको नेत्री राष्ट्रपति हुँदा आफ्नै पार्टीको नेता प्रधानमन्त्री हुँदा आफैले मानेको नेता जननायक मदन भण्डारी जसलाई हामीले पनि आदरणीय नेता मान्दछौँ । वाहाँको हत्याको कारबाही गर्न नसक्नेहरूले त्यतिबेला सिन्को पनि भाच्न नसक्नेहरूले त्यसमा बुल्कुलै ध्यान दिन नसक्नेहरूले यो कुरा गरेको देख्दा मलाई चाहिँ कस्तो कस्तो त्यति मिलेको जस्तो लाग्दैन । साथीहरू त्यस्तो मिलेको जस्तो लाग्दैन । जे होस् अपराध गर्नेलाई गल्ती गर्नलाई निश्चित रूपमा सरकारले सरकारले कारबाही गर्ला।

र अर्को कुरा चुच्चे नक्साको बारेमा निकै बखान गरियो । चुच्चे नक्सा ठिक छ । सही कुरा छ । एउटा कुरा म त्यो बारेमा के भन्न चाहन्छु भन्दाखेरि चुच्चे नक्सा केपी

शर्मा ओलीजीले खुशीले ल्याउनुभएको होइन भन्ने कुरा सारा जनताले थाहा पाउन् । त्यतिबेला एउटै पार्टी नेकपा थियो । त्यतिबेलाको सचिवालयमा वाहाँ सचिवालयमा छलफल हुँदाखेरि वाहाँ यो नक्सा ल्याउन इच्छुक हुनुहुन्थेन । तर वाहाँबाहेक अरू नेताहरूले जब जोडदार रूपमा यो कुरा राख्नुभयो । यो आउनुपर्छ । यो सदनमा यो कुरा राखिनुपर्छ भन्ने कुरा राखेपछि वाहाँ बाध्य भएर यो कुरा राख्नुभएको हो । तर जे होस् अहिले चाहिँ यो चुच्चे नक्साको समर्थनमा जसरी बोलिराख्नुभएको छ । त्यो कुरा फेरि ठिक छ । "Better late than never" भन्छ । त्यतिबेला त बुद्धि आएन; हिम्मत आएन तर अरू साथीहरूले गर्दाखेरि जुन बुद्धि आयो । त्यसलाई पनि सलाम जुन प्रकारको चाहिँ समर्थक बोल्दै हुनुहुन्छ । त्यसलाई पनि सलाम । त्यो ठिक छ ।

र सम्माननीय अध्यक्ष महोदय, यतिबेला रुस र युक्रेनको बिचमा युद्ध चलिरहेको छ । त्यसले विश्वव्यापी रूपमा असर पनि पारिरहेको छ । तर यो सम्बन्धमा रुसले जुन आक्रमण गर्यो । त्यो क्षम्य चैं त छैन । त्यो ठिक हो भनेर भन्न सक्ने अवस्था छैनम् । तर त्यसको लागि मूलतः मलाई चाहिँ के लाग्छ भने युक्रेन दोषी छ । किनकि उसले अगष्ट २४ १९९१ मा त्यतिबेलाको यूएसएसआर सोभियत समाजवादी गणतन्त्र सङ्घबाट अलग भएपछि जति बेला नेटो नेटोको सदस्यताका लागि जुन प्रकारको कोसिस चाहना र प्रयास गर्यो त्यसका विरुद्धमा त्यसैले नै यो सारा स्थितिको सृजना गर्यो । ऊ जबरजस्ती रूपमा त्यसमा लागि रह्यो उसको छिमेकी देश रुसलाई त्यसबाट खतरा पैदा भयो । रुसले चाहिँ त्यसो नगरभन्दा पनि उसले जुन मानेन अमेरिकी साम्राज्यवादको चङ्गुलमा जान ऊ उसको कित्तामा जानुखोज्यो त्यसले सृजना गर्‍यो यो समस्या । तर जे होस् यो युद्धपछि जुन हजारौँको हताहति भएको हजारौँको घाइते भएका छन् । हजारौं विस्थपित भएका छन् । यो कुरा चाहिँ ठिक होइन । यसको लागि म त युक्रेन चाहिँ जिम्मेवार छ भन्ने मलाई लाग्दछ । युक्रेनले यसमा चाहिँ सोच्नुपर्ने हुन्छ ।

यसैबिच अमेरिकी साम्राज्यवाद यी शासक वर्गको जुन सभामुख न्यान्सी पेलोसी ताइवानमा जुन गइन् त्यसले फेरि यो विश्व युद्धको सम्भावनालाई अगाडि बढाइदिएको छ । चीनले तेत्रो भन्दाभन्दै पनि वान चाइना पोलिसीमा अडिग छौँ हामी भनेर अमेरिकाले भन्दाभन्दै पनि त्यो अमेरिकाकै काँग्रेसको सभामुख न्यान्सी पेलोसी यो जुन २ अगष्टमा ताइवानको भ्रमणमा बलजफती जुन गइन । छापामार सैलीमा छापामार सैलीमा कार्यक्रम

सार्वजनिक पनि नगरीकन फाइटर प्लेनहरूले स्कटिङ गर्दै जुन प्रकारले गइन् । त्यसले चीनसँगको सम्बन्धलाई त बिगारी नै दिएको छ । त्यति मात्रै होइन । यो अमेरिकी साम्राज्यवादका कारणले अर्को विश्वयुद्ध हुने हो कि ? भन्ने पनि सारा विश्वका जनतालाई लागिरहेको छ । एकातिर युक्रेन र रुसको लडाइँको सन्दर्भमा रुसलाई जुन प्रतिबन्ध लगाइयो ..... गरियो त्यतिले मात्रै नपुगेर युक्रेनलाई हातहतियार दिनेसम्मको जुन संयुक्त राज्य अमेरिकाले चाल्यो त्यसले पनि विश्वयुद्धतिर यो विश्वलाई लैजान खोजेको देखिन्छ । अहिले आएर न्यान्सी पेलोसीले जुन ताइवानको भ्रमण गरिन् यसले पनि यो कुरालाई मलजल दिन्छ । त्यसैले अमेरिकी साम्राज्यवादी शक्तिहरू युद्धका सर्जक हुन् उनीहरूलाई हतियार बेचेर आफ्नो देशलाई आमदानी गर्न चाहन्छन् भन्ने कुरा फेरि पनि पुष्टि भएको छ । यो कुरा संयुक्त राज्य अमेरिकाले तुरुन्तै रोक्नुपर्दछ । यदि विश्वमा शान्ति आउने हो भने स्थिरता ल्याउने हो भने संयुक्त राज्य अमेरिकाले साम्राज्यवादले यस्ता हर्कतहरू बन्द गर्नुपर्दछ । यिनै कुराहरू राख्दै मेरो कुरा यहीं मैले बिट मारें । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय उदय बहादुर बोहरा । समय छ मिनेट । त्यसपछि माननीय उर्मिला अर्याल ।

**माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः**- सम्माननीय अध्यक्षज्यू, सरकारले यो गठबन्धन सरकारले स्थानीय निर्वाचन सफल गरेर अहिले मङ्सिर ४ गते सङ्घ र प्रदेशको निर्वाचन घोषणा गरेको छ र यसले पनि के पुष्टि गर्छ भने यो गठबन्धन सरकारमा रहेका दलहरू लोकतन्त्रप्रति जिम्मेवार छन् । वर्तमान संविधानप्रति जिम्मेवार छन् र सङ्घीयताप्रति उनीहरू चिन्तित छन् । र यसले यो पुष्टि गर्छ र म सरकारलाई यो निर्वाचन घोषणा गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । र यो निर्वाचनको सँगसँगै केही कतैतिर गठबन्धन दलहरूसँग निर्वाचनमा जाने एजेन्डा के हुन् त के छन् त उनीहरूसँग एजेन्डा छैनन् ? भन्ने खालका तर्कहरू आए संसदभित्र पनि आए बाहिर पनि त्यही आइरहेका छन् । म विनम्रतापूर्वक यो सम्मानित सदनमार्फत के निवेदन यहाँहरूलाई गर्न चाहन्छु भने । वाहाँहरूलाई कि हाम्रो होइन । गठबन्धन दलको होइन । आफ्नो चिन्ता गर्नुस् । गठबन्धन दलसँग पर्याप्त एजेन्डाहरू छन् । र ती एजेन्डाहरू यो

लोकतन्त्रको संरक्षण गर्न गणतन्त्रको संरक्षण गर्न वर्तमान संविधानलाई अझ बढी अटुट र अक्षुण्ण राख्न र जनप्रतिनिधिमूलक संस्था संसदको रक्षा गर्नको लागि पनि र यसको सँगसँगै मुलुकको हरेक क्षेत्रमा सुशासन कायम गर्दै सुखी नेपाली र समृद्ध नेपाल बनाउनको लागि फेरि पनि यो गठबन्धन दललाई जिताउनुपर्छ भन्ने एजेन्डा हामीसँग छ । यसका फुट्कर एजेन्डाहरू अरू हुन सक्छन् समग्रहमा यो नै हो ।

र सम्माननीय अध्यक्ष महोदय, म ०७९ साउन २४ गते एउटा निर्णय हुन्छ । निर्वाचन आयोग र निर्वाचन आयोगले मतपत्र छाप्नको लागि जनक शिक्षा सामग्री केन्द्रलाई दिने निर्यण गर्‍या छ । निर्वाचन आयोगसँग २२ करोडका; २२ करोड बराबरको ५ वर्षअगाडि खरिद गरेका प्रिन्टिङ मेसिनहरू जो हाई स्पिड डिजिटल क्लर प्रिन्ट एउटा र अत्याधुनिक मेसिन दुईओटा आफ्नो परिसरभित्र खिया लागेर बसिरहेको अवस्था छ । र कमिसनको चक्करमा जनक शिक्षा सामग्री केन्द्रलाई अहिले आठ करोड मतपत्र छाप्न निर्णय गरेर दिँदै छ । स्थानीय निर्वाचनमा पनि दुई करोड मतपत्र छाप्नको लागि जनक शिक्षा सामग्री केन्द्रलाई नै दियो गत वैशाखमा हामी सबैलाई चाहिँ थाहा छ । हामीले सदनभित्र र सदनबाहिर पनि चर्को रूपमा आवाज उठायौं । जे सरकारी पाठ्यपुस्तक छाप्न ठेक्का लिएको जनक शिक्षा सामग्री केन्द्रले मतपत्र छपाइको कारणले गदाखेरि त्यो पाठ्यपुस्तकहरू गाउँ गाउँमा पुग्न सकेनन् जिल्ला जिल्लामा पुग्न सकेन । अहिले त्यो समस्या यथावतै छ । फेरि पनि आठ करोड मतपत्र छाप्न जनक शिक्षा सामग्री केन्द्रले फेरि पनि निर्वाचन आयोगबाट ठेक्का लग्दै छ । र म सरकारलाई यो यतातिर ध्यान आओस् । म ध्यानाकर्षण गर्न चाहन्छु । कि जनक शिक्षा सामग्री केन्द्रलाई सचेत गराउन म सरकारको ध्यानाकर्षण गराउँछु अध्यक्ष महोदय ।

र अर्को चिज के छ भने यो । जुन यो महालेखाले मेसिन खरिदको औचित्यतामाथि प्रश्न उठाउँदै आफ्नो ५९ औं वार्षिक प्रतिवेदनमा आवश्यकताको पहिचान नगरी मेसिन खरिद गर्नेउपर कारबाही गर्नुपर्छ भन्ने आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । म फेरि पनि सम्माननीय अध्यक्ष महोदयमार्फत यो निर्वाचन आयोग जुन एउटा जिम्मेवार आयोगले जुन एउटा गैरजिम्मेवारपूर्ण चाहिँ कार्यहरू गरिरहेको छ । र यसलाई के गर्नुपर्छ र यसलाई सशक्त कारबाहीको लागि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय उर्मिला अर्याल । समय नौ मिनेट । त्यसपछि माननीय भागवती न्यौपाने ।

**माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, म आज निर्वाचन प्रणालीकै सम्बन्धमा केही कुराहरू राख्नुपर्छ जस्तो लाग्छ हुनत यो धेरै अगाडि नै हामीले सुरु गरेको एउटा नयाँ किसिमको निर्वाचन प्रणालीमा गैसक्नुपर्थ्यो । सम्भवतः अहिले भ्याउला नभ्याउला तर एउटा हामीले कति सकिन्छ । त्यसमा सुधार गर्ने हिसाबले चाहिँ सोँच बनाऊँ भन्ने किसिमको मैले कुरा राख्न राख्न चाहन्छु । म अहिले एउटा तथ्याङ्क सानो धेरै त भन्न चाहिनँ । हामी पहिलो संविधान सभाको निर्वाचनमा प्रत्यक्ष निर्वाचित ३० जना महिलाहरू हुनुहुन्थ्यो । र त्यसपछिको दोस्रो संविधान सभाको निर्वाचनमा आउँदा १० अनि त्यसपछिको संसदीय निर्वाचनमा आउँदा ६ जना र एउटा सन्जोग भनौं कि छ जना नै फेरि कम्युनिष्ट पार्टीकै महिलाहरू पर्नुभएछ । चाहे जुनसुकै कम्युनिष्ट पार्टीको होस् यो हिसाबले हेर्दाखेरि अब हामी दिनानुदिन महिला सहभागिताको मुद्दालाई ओझेलमा पार्दै जाने समानुपातिकमा सीमित गर्दै जाने र हुँदा हुँदा पछि समानुपातिकबाट पनि घटाउँदै जाने हो कि ? ट्रेन्ड त्यस्तो देखिन्छ र हामीले ठुलो सङ्घर्ष अब यहाँ जन आन्दोलन, मधेस आन्दोलन, दस वर्षे जनयुद्ध आदि यो सबैको जगमा हामीले प्राप्त गरेको यो उपलब्धिलाई यसो विचार गरेर हेर्दाखेरि हामी अलिकति खोला तर्नेबित्तिकै फेरि त्यो के भन्छ । लौरो बिर्सिदै जाने एउटा जुन प्रवृत्ति छ । त्यो प्रवृत्तिलाई चाहिँ एकदमै नियन्त्रण गर्न र एकदमै सजग हुन जरुरी देखिन्छ ।

हामीले भर्खरै सुनिराख्या छौं । पत्रपत्रिकामा छाएको छ । कि मानिसलाई मानिसले कतिसम्म तल्लो स्तरमा अब एउटा नागरिकतामा कामी जातको भन्नेबित्तिकै कुकुर कामी नाम राखिदिएर कविता कामी नाम भएको व्यक्तिलाई कुकुर कामी नाम राख्ने भनेर हेपिएको छ र अहिले पनि महिलाहरूको अवस्था चाहे मधेसमा होस् दाइजो प्रथा, छुवाछुत पूर्णतया उन्मुलन नभएको अवस्था र त्यस्तै अहिले छाउपडी प्रथा कर्णाली प्रदेशहरूतिर जुन किसिमको समस्याहरू छ । यी समस्याहरू सम्पूर्ण निर्मूल गर्ने हिसाबले सोच्ने हो भने सबैभन्दा पहिले राजनीतिक राज्यको शक्तिमा राज्य शक्तिको निर्माण सहभागिता जबसम्म हामी सम्पूर्ण तप्काकालाई समान रूपले सहभागी गराउन सक्दैनौं । तबसम्म हामीले

साँच्चीकै यो शासन व्यवस्थामा वाहाँहरूको सेयर र वाहाँहरूको सम्मानजनक जीवनयापनलाई सरल बनाउन सक्दैनौं । त्यसको लागि वाहाँहरूलाई सबभन्दा राज्यको निर्वाचनको क्षेत्रबाट प्रतिनिधित्व गर्ने ठाउँमा हामीले सुनिश्चित गर्नुपर्दछ र मलाई लाग्छ ।

अहिलेको निर्वाचन प्रणालीले विस्तारै हामी देख्दै छौं । पहिलो संविधान सभाको निर्वाचनभन्दा पछि अलि प्रतिगामी त्यसपछि अझ प्रतिगामी निर्वाचनको सवालमा हामी त्यसरी बिग्रिदै बिग्रिदै ग'को देखिरा'का छौं । र अब त पैसा नभई हुँदैन भनेपछि ठुला ठुला व्यापारी को छ ? मोटो ठेकेदार को छ ? कसलाई समातेपछि चाहिँ मैले पनि पैसा पाउँछु र उसले पनि चुनाव जितेर आउँछभन्दा हिजोदेखिन ठुलो योगदान र इतिहास बोकेका व्यक्तिहरू अब ओझेलमा पर्ने अवस्था आइराखेको छ । यो अवस्था आउनुभनेको व्यवहारमा हामी पुनः फेरि निर्बल व्यक्तिहरू जो उत्पीडित समुदाय थियो त्यो फेरि दबिदै दबिदै जाने अवस्था हो । मैले स्थानीय तहको निर्वाचनको पनि समीक्षा गरें । म मधेस प्रदेशबाट यो राष्ट्रिय सभा निर्वाचनको दौरानमा मैले धेरै उपमेयर उपाध्याक्ष बहिनीहरूलाई पनि भेटें । मैले देख्दाखेरि त्यहाँ निर्वाचित अध्यक्षभन्दा धेरै तगडा पढे लेखेका निकै देशभरि चर्चित बहिनीहरू पनि मैले भेटें । तर ती बहिनीहरू फेरि पनि अस्ति फेरि उपाध्याक्षमै निर्वाचित भएर आउनुभो' सिंहदरबारमा काम लिएर आउनुभा' थियो मसँग मलाई पीडा भयो । क्षमताको हिसाबले भने त्यसबाट निर्वाचित प्रत्यक्ष उम्मेदवार पुरुषभन्दा महिला ती महिला बहिनी सारै तगडा थिइन । र सारै क्षमता, ज्ञान हासिल भएको महिला थियो । तर जुन एउटा हाम्रो एउटा पुरुषवादी पितृसत्तात्मक सोच यो समाजमा छ त्यसले गर्दा महिलाहरूलाई अझै पनि सिर उठाएर हिंड्न नदिने र फेरि अझ कुल्चिदै कुल्चिङ्दै जाने हो कि ? यो प्रतिगमनतर्फ गैरहेको अवस्था सचेत हुन आवश्यक छ । र यो आवश्यकतालाई महसुस गर्दै म के भन्न चाहन्छु भने सबभन्दा पहिले हामी जे सोचेका थियौं ।

एउटा निमुखा गरिब, किसान, दलित, जनजाति आदवासी, महिला सबैले राज्यसत्तामा सहभागिता हुन पाउने हिसाबले र निर्वाचनलाई एउटा स्वच्छ, निर्मल र एउटा स्वास्थ्य प्रतिस्पर्धी बनाउने हिसाबले हामी आफ्नो आफ्नो पार्टीको एजेन्डासहित र एउटा सम्पूर्ण मुद्दाहरूलाई लिएर पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जनुको विकल्प छैन । नत्र हामी भ्रष्टीकरणमा सिधिदै सिधिदै गैराखेका छौं । र यो भ्रष्टीकरणले गर्दाखेरि आज देश फेरि चाहिने हामी चाहिने विभिन्न अब यहाँ अब हाम्रो आयात निर्यातमा प्रभाव परिराखेको छ ।

विभिन्न चाहिँ भ्रष्टाचारीहरूको प्रभावमा परेर सबै सरकार मैले यो भन्न खोजेको होइन । हामी पनि पर्न सक्छौं । यसलाई धान्न नसक्ने अवस्था हाम्रो जस्तो मुलुकले धान्न सक्दैन । धेरै विकसितहरू स्वीट्जरल्यान्डदेखि लगायत विभिन्न युरोपियन कन्ट्रीहरूमा सबै ठाउँमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली छ । हामीले यसलाई अवलम्बन गर्ने कि नगर्ने ? यो अवलम्बन गरेर जानु अत्यन्तै आवश्यक भएको छ । र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा पहिले नै निर्वाचनका व्यक्तिहरूको सूचीकृत सङ्ख्याअनुसार क्रमअनुसार राखेर हटाउन नमिल्ने गरी राख्न सक्यौं भने बल्ल हामीले ५० प्रतिशतमै महिला राख्नुपर्छ । ५० प्रतिशतभन्दा धेरै महिलाको जनसङ्ख्या भैसकेको छ । त्यसभित्र पनि अझै हामीले एउटा दुर्गम क्षेत्रको एउटा दलित समुदायको विशेष गरी अब मधेस समुदायबाट उत्पीडनमा रहेका दलित समुदाय त अझै त्यहाँ अझै पनि मलाई लाग्छ । अझै पनि मधेस समुदायमा उत्पीडन यस्तो छ कि । अझै पनि उनीहरू मन्दिरमा गएर पूजा गर्न डराउने पर्ने अवस्थाहरू छन् । र उनीहरूलाई अझै पनि त्यो पूर्ण मानवको रूपले सम्मान पाउन सकेको अवस्थाहरू
छैन ।

त्यस्तै महिलाहरू यत्रो हामीले क्रान्ति गर्‍यौं दुनियाँ गर्‍यौं । अझै पनि छाउपडी प्रथा चाहिँ नछुट्नु र महिलाहरू त्यसरी एउटा चाहिँ कुनामा गएर लुकेर बस्नुपर्ने जुन चेतना छ । त्यो चेतनाको स्थितिमा परिवर्तन लेराउन । अब हामीले पूर्ण समानुपातिक निर्वाचन प्रणाली गएर राष्ट्रिय यो विभिन्न चुनावको खर्च जेहो गर्ने भ्रष्टाचार गर्नुपर्ने विभिन्न गतिविधि जुन छ । अहिले हेर्नुस् स्थानीय तहको निर्वाचनमा अब म आँखाले देख्या छु । म आफै चारओटा पालिका जिताएको ठाउँमा मैले संसदमा प्रत्यक्ष निर्वाचन मलाई नलड भन्नुभा' थियो नेताहरूले । म लडें । ६ ओटामध्ये ४ ओटा पालिका जित्या छ । कि जित्दिनँ ? म भनेर लडें । तर मेरा पालिका अध्यक्ष र मेयरहरू बिके उनले भोट दिएनन् मलाई । उनीहरूले त्यो भोट दिएको भए हाम्रो अति २४/२५ हजार भोट थियो । त्यो भोट आएन मैले भोट ११/१२ हजार मात्रै पाएँ । यो अवस्थाको अन्त्य हुने कि नहुने ? किनभने अब तपाईंहरू संसदीय निर्वाचनमा लड्न कति जना जानुहुन्छ ? हाम्रो प्रतिनिधि सभाका साथीहरू अरूबाहिर रहेका साथीहरू वाहाँहरू जिताएको पालिका अध्यक्षले विचारले जितेको जे छ ।

वाहाँहरू पनि कति इमान्दार बस्नुहुन्छ मलाई थाहा छैन । वाहाँहरूले आफू लडेको निर्वाचन खर्च अहिलेको बेला उठाउने बेर छैन ।

त्यसकारण यसलाई एकदम गम्भीरतासाथ हामीले लिनु अत्यन्त आवश्यक छ र अब सोचौं । नेपाली काँग्रेस पार्टी, माओवादी पार्टी, एमाले पार्टी सम्पूर्ण चाहिँ मधेसको हाम्रो जसपालगायत लोसपा जे जे छ । म भन्छु पक्ष प्रतिपक्ष सबैले गम्भीरतासाथ सोचौं कि हामी कहाँ लगिराख्या छौं ? मैले चारओटा पालिका जितेको ठाउँमा म हेरें । एकओटा नजितेको उम्मेदवार आएर त्यहाँ सांसद जितेर गयो । अरू सबै पार्टी जितेकाहरू अरू पालिकाहरू पनि जितेका जिल्लाराम भएर हेरे किनभने त्यहाँ दम पैसाको थियो । यो हिसाबले चाहिने हामी जान थाल्यौं भने हामी प्राप्त गरेको उपलब्धिहरू फेरि हामीसँग गुम्दै जाने स्थिति छ । यसलाई अत्यन्त गम्भीरतासाथ लिइयोस् र अब कम्तीमा अहिले नै तत्काल पूर्ण समानुपातिकको व्यवस्था गर्नलाई सबै कानुन बनाएर नभ्याउने भए पनि हामीले पूर्णसमानुपातिक भन्दाखेरि जसको जसको जति जनसङ्ख्या छ त्यो जनसङ्ख्याको प्रतिशतको आधारमा वाहाँहरूलाई प्रत्यक्ष उम्मेदवार बनाएर लडौं । प्रत्यक्षमा पनि लडाऊँ । र समानुपातिकमा पनि त्यही अनुपातमा हामीले राखेर लेराऊ । कम्तीमा यसको सुरुआत यहीं निर्वाचनबाट होस् भन्ने मैले अनुरोध गर्न चाहन्छु ।

यो हिसाबले म भन्छु यो राष्ट्रिय सभाबाट नै एउटा हाम्रो चाहिँ सम्पूर्ण दलको तर्फबाट हामीले यसमा पक्ष विपक्ष पनि नभएर एउटा सङ्कल्प प्रस्ताव चाहिँ लेरआऊँ । र यसलाई पारित गरेर सरकारलाई चाहिँ हामीले बुझाऊँ र सरकारलाई यो कार्यान्वयन गरेर जाओस् र हाम्रो अनुरोधलाई हामीले चाहिँ त्यहाँ पुऱ्याऊँ । र सरकारले अवश्य पनि यसलाई अलि गम्भीरतासाथ लिदियो भने अहिलेकै निर्वाचनमा प्रत्यक्ष निर्वाचनमा सबै समानुपातिक हिसाबले उम्मेदवारहरू चाहिँ हामीले उठाउन सक्यौं भने पनि यसमा केही न केही सबै तप्काको प्रतिनिधित्व हुने कुरोको सुनिश्चितता हुन्छ । र आगामी अर्कोदेखि त यो चुनावपछि त हामीले पूर्णसमानुपातिक निर्वाचन प्रणालीमा नै नगईकन धर पाउँदैनौं । राज्यको एउटा सुशासन कायम गर्न; हामीले भ्रष्टाचारीबाट प्रभावित भएर एकदम निरीह । विचरा जीवनभरि योगदान र बलिदान गरेको साथीहरू चाहिँ अहिले घरमा थन्केर बस्नुपर्ने । अनि ड्याक पुँजी लिएर आएर चाहिँ चुनावमा हामीले उम्मेदवार उठाउनुपर्ने जुन परिस्थिति छ । त्यसको अन्त्य हुनुपर्छ । तब मात्र हामीले स्वच्छ नेपाल र यसमा चाहिँ समृद्ध नेपाल र सुसंस्कृत

नेपाल सम्पूर्णको सशक्त सम्पूर्ण जनताको अधिकार सम्पन्न र सबैलाई अधिकार सम्पन्न बनाउन सक्छौं । र समाजमा रहेको भेदभावलाई अन्त्य गरेर जान सक्छौं भन्ने मैले अनुरोध गरें । र यसमा सबैको हाम्रो एउटा साझा मत बनाएर हामी एउटा प्रस्ताव लैजाऊँ । र यो प्रस्तावलाई पारित गरेर सरकारलाई अहिले नै हामी बुझाऊँ भन्ने नै म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भगवाती न्यौपाने । समय दस मिनेट । त्यसपछि माननीय जितेन्द्र नारायण देव ।

**<u>माननीय श्री भगवाती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, वास्तवमा यहाँ हामीले दुईओटा दल हुनुपर्छ । देशको राजनीतिक स्थिरताको निम्ति दुई दल हुनुपर्छ भनेर बहस गर्दै आइराखेका थियौं । र त्यो दुई दल हुन पनि पर्छ । यदि देशमा राजनीतिक स्थिरता चाहने हो भने । दुई दलको बिचमा प्रतिस्पर्धा दुई विचारको बिचमा प्रतिस्पर्धा हुनुपर्छ । कम्युनिष्टहरू र काँग्रेस दुईओटा पार्टी त्यसैले हामीले भने जस्तै आज माननीयज्यूहरूको अभिव्यक्ति सुन्दै गर्दाखेरि मुलुक त्यतैतिर जान लागेछ भन्ने पनि लाग्यो खुसी पनि लाग्यो । बधाई पनि दिन चाहन्छु । दलको नामै भन्नुभएको थियो । माननीयज्यूले गठबन्धन दल र त्यो गठबन्धन दल छिटोभन्दा छिटो दर्ता होस् । भएको छ कि छैन ? थाहा छैन । शुभकामना पनि म दिन चाहन्छु । र म भन्न चाहन्छु । हामी यस सवाल जवाफ गर्न खोजेका होइनौं । हामीले सवाल जवाफ गर्न चाहेका पनि थिएनौं । चाहेका पनि छैनौं । हामीले सरकारलाई प्रश्न गरेका छौं । यो देशको बेथितिको बारेमा सरकारसँग प्रश्न गरेका छौं । सरकारका मन्त्रीहरूसँग जवाफ मागेका छौं तर सरकारका मन्त्रीहरूले जवाफ दिनुहुन्न । पटक पटक जवाफ माग्दाखेरि जवाफ दिनुहुन्न । माननीयज्यूहरूसँग जवाफ मागेको होइन । माननीयज्यूहरूले जवाफ दिने गर्नुहुन्छ । इतिहासमा यस्तो बिरलै हुन्छ । सांसदहरूले प्रतिपक्षले नागरिक समाजले मिडियाले प्रश्न गर्दाखेरि पन्छिन खोज्ने सरकार आज जुन पाँच दलीय गठबन्धनको सरकार छ । यस्तो सरकार इतिहासमा बिरलै हुन्छ । त्यसैले भन्नुभो' माननीयज्यूहरू प्रश्न गर्नुभो' । आर्थिक अराजकता आज होइन हिजो थियो । हामीले डाटासहित तथ्याङ्कसहित बताउन सक्छौं ।

अध्ययन गर्नपर्यो । अध्ययन गर्नुभा'को छैन त म भन्दिनँ । तर पूर्वाग्रही भएर व्यक्त गर्न भएन ।

हिजो केपी ओली नेतृत्वको सरकार छोड्दै गर्दा हामीले पटक पटक यही रोस्ट्रम भनेका छौं । हिजोको आर्थिक परिसूचकहरू के थिएँ ? अर्थतन्त्रको अवस्था के थियो ? सोधानान्तर बचत थियो कि घाटा थियो ? सोधानान्तर बचत थियो । आज झन्डै ३ खर्ब सोधानान्तर घाटा छ । हामीले तथ्याङ्कसहित प्रस्तुत भएका छौं ।त्यसैले त्यो बारेमा अध्ययन गर्नपर्‍यो । भ्रष्टाचार कहाँ भएको छ । त्यो हामीले सबै बताएका छौं र म एउटा मात्रै दृष्टान्त दिन चाहन्छु । सेनेटरी प्याड जो विदेशबाट आयात गर्नू सेनेटरी प्याडमा ९० प्रतिशत कर छुट गर्ने त्यो व्यापार गर्ने ब्लु प्रिन्ट ट्रेडिङ प्रा. ली. त्यसको अध्यक्ष जयवीर सिंह देउवा के हो खोजी गर्नुस् ? त्यसैले म भन्न चाहन्छु । यो त एउटा दृष्टान्त दिएको आज जतातते भ्रष्टाचार छ । आज मात्रै मैले पढेको थिएँ । वास्तवमा यो गठबन्धनभन्दा पनि; पाँच दलीय गठबन्धनभन्दा पनि यो त देशलाई लुटेर बाँढेर खाने यो मितबन्धन हो । किनभने यहाँ विचार छैन । विचारको आधारमा गठबन्धन भएको छैन । तर मैले अगि नै पनि भनें एउटै दल बनेछ तर खुशी त्यस मानेमा लाग्यो । अब दुई दलीय अवस्था प्रतिस्पर्धातिर मुलुक जान्छ कि भन्ने अर्थमा त खुशी लाग्यो तर दुःख त्यस अर्थमा लाग्यो । कम्युनिष्ट पार्टी भन्नेहरू तीनटा कम्युनिष्ट पार्टीहरू पनि त्यहाँ छन् । त्यही गठबन्धनमा छन् । तर मलाई त्यस अर्थमा दुःख लाग्यो । त्यो दलको नेतृत्व नेपाली काँग्रेसले गर्दै गर्दा काँग्रेसमा समाहित हुँदै गर्दा कम्युनिष्ट आन्दोलनमा लागेका नेताहरूप्रति भने मलाई दुःख लाग्यो । त्यसैले म अरू धेरै भन्दिनँ । गठबन्धनको विषयमा हामी प्रश्न गर्न पाउछौं । यो सरकारको बारेमा प्रश्न गर्न पाएँछौं दलहरूको चिन्ता होइन । यो गठबन्धन कसरी चलिरहेको छ । वास्तवमा यो मितबन्धन । यो अनौठोको र अच्चम्मको मितबन्धन भाग बान्डाका निम्ति सत्ताका निम्ति लगाइएको यो मितबन्धन वास्तवमा परिवारको केही परिवारको गिरोहहरूले गठबन्धनका केही पार्टीहरूलाई कब्जा गरेर चलाइरहेका छन् । त्यहाँभित्र पनि पीडित हुनुहुन्छ । हामीलाई थाहा छ । त्यहाँका कार्यकर्ताहरूलाई चित्त बुझेको छ ? छैन । नेपाली काँग्रेसलाई चित्त बुझेको छ ? छैन । मलाई आज मैले पढेको थिएँ । कान्तिपुरमा एउटा नेताले लेख्नुभएको छ । अवसरवादीको राजनीति त्यहाँ सबै कुरा लेख्नुभएको छ । त्यहाभित्र केन्द्रीय कमिटीको बैठकमा पनि आवाज उठ्यो । यहाको

वेथितिको बारेमा; यो गठबन्धनको वेथितिको बारेमा देशप्रति गरिएको घातको बारेमा जनतालाई दिएको सास्तीको बारेमा त्यहाभित्र पनि कुरा उठ्यो । म नेपाली काँग्रेसका कार्यकर्ताहरूलाई, नेताहरूलाई, माननीयज्यूहरूलाई भन्न चाहन्छु बीपीको बारेमा बीपीले भनेको एउटा भनाइ फेसबुकमै नेपाली काँग्रेसका कार्यकर्ताले लेखेको मैले देखेको थिएँ । नेतृत्वले गलत गरिराख्दाखेरि पनि चुपचाप बस्ने भनेको कि चरम अवसरवादी हो ? कि चाहिँ दास हो । त्यस्तै गरेर आज नेतृत्वले यो देशलाई कता लान जोज्दै छ ? तपाईंहरू चुपचाप बसेर । जय गठबन्धन भनिराख्नुहुन्छ भने । कि तपाईंहरू कि त नेपाली काँग्रेसका कार्यकर्ताहरू कि त तपाईं चरम दास हो । कि त चरम अवसरवादी हो । आज देश कहाँ जाँदै छ । त्यसैले समीक्षा गर्नुपर्दैन ? हामीले त्यही भनेका हौं । गठबन्धनको बारेमा समीक्षा गर्नुपर्दैन ?

आज मलाई फिलिपिन्सको चुनावको चाहिँ सम्झना हुन्छ । त्यहा दुईओटा परिवार डुटेटो र अनि अर्को मार्कोस परिवार जो अत्यन्तै सत्रुपूर्ण व्यवहार गर्थें । सत्रुपूर्ण सम्बन्ध थियो । तर आज भाग बन्डा गर्नका निम्ति आजै एउटा परिवारको राष्ट्रपति पूर्वराष्ट्रपतिको छोरालाई अर्कोको छोरीलाई राष्ट्रपति र उपराष्ट्रपति बनाउनका निम्ति भनेर उनीहरू मिलेर तालमेल गरेर चुनाव लडे त्यस्तै नेपालमा पनि नेपाली काँग्रेस र माओवादी जो विचारको हिसाबले पनि प्रतिस्पर्धा थियो । हिजो सत्रुवत व्यवहार थियो । सत्रुपूर्ण व्यवहार थियो । आज मिलेर तालमेल गरेर चुनाव लड्ने घोषणा केका निम्ति भएको छ ? त्यो हामीले थाहा छ नेपाली जनतालाई थाहा छ । त्यो बाँड्नका निम्ति बाँडेर खानका निम्ति हो । त्यसैले मैले त्यहाँभित्र पीडित हुनुहुन्छ किन भनिरहेको भने त्यो परिवारको एउटा गिरोहले गठबन्धनभित्रका दलको पनि परिवारको गिरोहले पार्टीलाई कब्जा बनाएर विचारलाई बलीमा चडाउने खालेको जुन दुस्साहस गरिरहेको छ । त्यो हामीले देखिरहेका छौं । मेरो भाइ मलाई प्रधानमन्त्री; त्यसपछाडि अर्को लागि प्रधानमन्त्री अर्को दलको लागि प्रधानमन्त्री; मेरो भान्जालाई पद मेरो सालालाई पद; मेरो भान्जीलाई पद; यस्तै पद भाग बन्डा गर्नका निम्ति नेपालको भूमिमा होइन । विदेशमा गएर विदेशको भूमिमा बसेर नेपालीहरूप्रति विश्वास नगरेर विदेशीहरूलाई साक्षी राखेर भाग बन्डा गरिन्छ । हुनत राष्ट्रियताको विषयमा गठबन्धनको बारेमा धेरै भन्न पर्दैन । यो सरकार गठन हुँदै गर्दाखेरि एक जना नेताले के भन्नुभएको थियो मिडियामा प्रष्टसँग कम्फटेबल सरकार विदेशको निम्ति । यो सरकार

कम्फटेबल सरकार भारतको निम्ति हो । नामै लिएर भारतको निम्ति कम्फटेबल सरकार हो । त्यसैले केपी ओली नेतृत्वको सरकार गिराइदिनुपर्‍यो । केपी ओली नेतृत्वको सरकार ढलाइदिनुपर्‍यो । विदेशीहरूलाई गुहार गरेर बनाइएको यो सरकारले राष्ट्रको स्वाभिमानलाई कसरी गिराउने प्रयत्न गरेको छ । मलाई अचम्म लाग्छ । केपी ओलीले हो र ? नक्सा प्रकाशन गरेको ? केपी ओलीले हो र त्यो नक्सा जारी गरेकोत्यो चुच्चे नक्सा ? भनेर प्रश्न गर्ने माननीयज्यूलाई म भन्न चाहन्छु । यो देशमा अरू प्रधानमन्त्री विगतमा भएनन् । यो देशमा वाहाँकै दलको प्रमुख पार्टी अध्यक्ष प्रधानमन्त्री हुनुभएन ? दुईपटक प्रधानमन्त्री हुनुभएन ? अनि कति जना प्रधानमन्त्री भए अनि कति जना प्रधानमन्त्री भए । कति ओटा सरकार बन्यो ? अनि त्यो चुच्चे नक्सा केपी ओलीकै पालामा आउनुपर्ने ? यो कुरा हामीलाई थाहा छ ।

नाकाबन्दीको बेलामा पनि चर्को राष्ट्रवादी भनेर विरोध गरिएको थियो । केपी ओलीले नाकाबन्दीको सामना गर्दै गर्दाखेरि त्यतिखेर संविधान बनिसकेपछि अब यो देशको न माइक्रो म्यानेजमेन्ट गर्ने कुरा स्वीकार्य हुनसक्दैन । हाम्रो देशको संविधान हामीले बनायौं । अब मित्र राष्ट्र मित्रको हैसियतमा बस । यो देशमा माइक्रो म्यानेजमेन्ट गर्ने कुरातिर आँखा नचम्काऊँ । हात नलम्काऊँ भन्ने प्रधानमन्त्री को थियो ? आज फेरि त्यही माइक्रो म्यानेजमेन्टको अवस्थालाई डोर्‍याउने खालेको स्थिति । अगि एसपीपीको कुरा आयो । (मलाई एकै मिनेट समय थप्दिनुहोला सम्माननीय अध्यक्षज्यू ।) एसपीपीको विषयमा यही साउनको ५ गते प्रतिनिधि सभामा सत्तापक्षको एउटा दलको प्रमुख सचेतकले भन्नुभो' एसपीपी आज अर्को नाम राखेर हिजो त्यो १० बुँदे जुन प्रस्ताव सम्झौताका निम्ति भनेर बाहिर सार्वजनिक भयो । त्यही प्रस्ताव दस बुँदे प्रस्तावलाई कन्टेन्ट त्यही राखेर अर्को नाम दिएर पास गरिँदै छ भनेर भन्नुभो' यद्यपि मलाई त दया लाग्छ । सत्ता गठबन्धनका केही नेताहरू यो सरकारको विरोध पनि गर्ने । राष्ट्रियताको विषयमा यो सरकार विचलित भएको कुरा पनि उठाउने तर सरकार जय गठबन्धनकी जय भनेर पनि भन्ने यस कुराप्रति भने मलाई त अत्यन्तै दुःख लाग्छ । त्यसैले आज पत्र सार्वजनिक नगर्दै गर्दा अमेरिकालाई पठाइएको भनिएको पत्र सार्वजनिक नहुँदै गर्दाखेरि मलाई कतै त्यही ढङ्गले नाम अर्कै राखेर सम्झौता त गरिँदै त छैन ? भन्ने खालेको चिन्ता लागिरहेको छ ।

र त्यसैले अब समीक्षा गर्नुपर्छ बहस गर्नुपर्छ । एक वर्ष हुँदाखेरि त आज जनताले यति धेरै सास्ती पाए । गठबन्धनको सरकारबाट महङ्गीले यति धेरै डाढ सेकियो । अर्थतन्त्र डामाडोल भयो । यदि प्रहरी प्रशासनको दुरुपयोग गरेर यदि बल मिच्याइँ ढङ्गले गठबन्धनले चुनाव जित्यो भने यो देश एक वर्षमा श्रीलङ्का हुन्छ । कि त जनताले ०६२/०६३ सालको भन्दा ठुलो आन्दोलन गर्नुपर्ने हुन्छ । देशको हालत यस्तो छ । (**सम्माननीय अध्यक्ष**ः- समय सकियो माननीयज्यू ।) यिनै कुरा राखेर गठबन्धनको समिक्षा गर्छौं जनताले गर्छन् । त्यसैले हामीले होइन । जनताले हामी पाँच भाइ मिलेका छौं । हराउन सक्छ कसैलाई भन्नेले जनताले हेरेर बसेका छन् । तानासाहहरूलाई पनि जनताले हराएको इतिहास छ । त्यसैले जनता परिवर्तनका संवाहक हुन । जनताले फैसला गर्छन् । म यही भन्दै । बिदा हुन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय जितेन्द्र नारायण देव । समय आठ मिनेट ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, अब केही दिनभित्रै नेपालका एक जना सम्मानित नागरिक दैलेख जिल्लाबाट कुकुर कामीबाट कविराम कामी हुँदै छन् । यसको लागि म नेपाल सरकार माननीय गृहमन्त्रीज्यूलाई मुरी मुरी म धन्यवाद दिन चाहन्छु । र म प्रश्न गर्न चाहन्छु । मुख्य प्रतिपक्षका साथीहरूलाई सम्माननीय अध्यक्ष महोदयमार्फत म प्रश्न गर्न चाहन्छु । यो काम नेपाल सरकारले जुन गरेको छ जुन गृह मन्त्रालयको निर्णयबाट त्यो ठिक गरेको छ कि बेठिक गरेको छ ? यसलाई त कम से कम ठिक भन्दिनुस् । नेपालको सङ्घीय संसदभित्रको प्रतिनिधि सभालाई सम्पूर्ण रूपमा असंवैधानिक काम गरेर एउटा सनकको आधारमा लहडको आधारमा २/२ चोटि प्रतिनिधि सभा विघटन भयो । पोलिटिकल्ली त्यो गलत थियो । constitutionally गलत थियो । लिगली गलत थियो भने आम जनताले स्वीकार गरे त्यो कुरालाई । त्यो एउटा अपिनियन बन्यो । र यो सरकार बनिसकेपछाडि सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाजीको सरकार बनिसकेपछाडि तीन चारओटा पाँचओटा युगान्तकारी कामहरू भएका छन् । त्यो भनेको शान्तिपूर्ण तरिकाबाट निष्पक्ष ढङ्गले स्वतन्त्र ढङ्गले यो देशमा स्थानीय तहको निर्वाचन सम्पन्न भ'को छ । अब मङ्सिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाको

निर्वाचन हुन गैराखेको छ । यही सदनले महिला हिंसाविरुद्धको ऐन संशोधन भ'को छ । यही सदनले नागरिकतासम्बन्धी ऐनलाई संशोधन गरेको छ । यो युगान्तकारी कामहरू; ऐतिहासिक कामहरू यो सरकारले गरेको छ । यसबारेमा प्रमुख प्रतिपक्षका साथीहरूले के भन्नुहुन्छ ? यो पनि ठिक गरेन ? यो कस्तो खालेको यो संस्कार हामी विकास गरिराखेका छौं । निहिलिस्टिक संस्कार, नेगेटिभ संस्कार । जबकी पार्लामेन्ट्री डेमोक्रेसीमा प्रमुख प्रतिपक्ष भनेको रचनात्मक विपक्षको भूमिकामा हुन्छ र हुनुपर्छ । प्रतिपक्ष भनेको डेमोक्रेसीको सुन्दरता हो । तर त्यो कन्सट्रक्टिभ विपक्ष हुनुपर्दछ । तर अत्यन्त नकारवाद नेहिलिज्मको सिकार प्रमुख प्रतिपक्ष भैराखेको छ । म चाहन्छु सम्माननीय अध्यक्षज्यूमार्फत इन्सट्रक्टिभ एप्रोच लिएर आउनुस् । अनावश्यक ढङ्गले तित्राको मुखै बैरी सुन्नै छ एकदम चाहिँ अब कान थुन्न पर्ने जस्ता शब्दहरूको प्रयोग गरेर विषयहरू उठाएर । यस्तो हामी एउटा अमिलो राजनीतिक वातावरण; तितो राजनीतिक वातावरण हामी नबनाऊँ । किन भन्दाखेरि अहिले पनि नेपालको अगाडि केही यस्ता एजेन्डहरू छन् । हाम्रो देशकै अगाडि ;पिपुलको अगाडि केही यस्ता एजेन्डहरू छन् । जसमा नेपालका मेजर पोलिटिकल फोर्सेसहरू एक भएर जानुपर्ने स्थिति छन् । यस्तो बेलामा एउटा नयाँ ढङ्गको पोलिटिकल कल्चरको हामी विकास गरौं भनी पहिलोमा चाहिँ अनुरोध गर्न चाहन्छु सम्माननीय अध्यक्ष महोदय।

दोस्रो कुरा जहाँसम्म गठबन्धन अहिलेको जो सरकर छ । अहिलेको जुन गठबन्धनले नेतृत्व गरिराखेको छ । त्यसको अगाडि मेजर रूपमा हामी निर्वाचनमा जाँदै छौं । कुरा प्रष्ट भैसक्या छ । कि हामी एउटा गठबन्धन गरेर निर्वाचनमा आगामी निर्वाचनमा गैराखेका छौं । गठबन्धनलाई पनि काम लाग्ने गरी र यो मुलुकको मेजर पोलिटिकल फोर्सेसलाई काम लाग्ने गरी र यो मुलुकको मेजर पोलिटिकल फोर्सेसलाई काम लाग्ने गरी दुई चारओटा विषयहरू आज म उठाउन चाहन्छु । विनाव्यख्या उठाउन चाहन्छु । समय छैन । आजको प्रमुख विषय प्रमुख विषय भाइटल विषय यो मुलुकको अगाडि जनताको अगाडि के छ ? केमा हामीले ध्यान दिनुपर्दछ भन्दाखेरि मैले देखेको आज खास गरेर चारओटा विषयहरू जसलाई चाहिँ गठबन्धनले नेपाल सरकारले र नेपालका अन्य पनि मेजर पोलिटिकल फोर्सेसहरूले लिएर जाँदाखेरि मात्रै नेपालको सामाजिक, आर्थिक नेपाली समाज सामाजिक आर्थिक रूपान्तरण हुन्छ र हामी एउटा नयाँ विकसित र समृद्ध

एउटा चाहिँ समाजतिर हामी लम्कन्छौँ भन्ने मलाई लाग्छ । त्यो विषय भनेको पहिलोः विषय भनेको राष्ट्रियताको विषय । अहिले युक्रेन र रसिया वारले गर्दाखेरि नेपालको अगाडि राष्ट्रियताको विषयलाई एउटा चुनौतीको रूपमा खडा गरेको छ । अहिले ताइवानमा जुन सिन्यारियो बनेको जुन राजनीतिक परिदृश्य सामरिक परिदृश्य जुन सृजना भएको छ । त्यसले नेपालको राष्ट्रताको अगाडि नयाँ चुनौती सृजना गरेको छ । यस्तो बेलामा हामीले नेपाललाई बचाउने गरी नेपाललाई अखण्ड राख्ने गरी यो अथवा त्यो रूपमा उसको पछाडि उनलाई उसको पक्षमा बोलेर खुशी हुने । या उसको पक्षमा खुशी हुने या उसको पक्षमा खुशी हुने भनेर आज राष्ट्रियताको विषयमा हामीले नबोलीकन नेपालवादी भएर नेपालको पक्षमा बोलेर नेपाललाई बचाउनुपर्ने । आज राष्ट्रको आवश्यकता भ'को छ । त्यसकारण राष्ट्रियताको परिभाषा पनि राष्ट्रियतालाई हेर्ने दृष्टिकोण पनि र राष्ट्रियताको बारेमा वैचारिक प्रस्तुत पनि आज नयाँ ढङ्गले हामीले गर्नुपरेको छ । र त्यो न उत्तरमुखी, न पश्चिममुखी, न दक्षिणमुखी त्यो नेपालमुखी भएर राष्ट्रियताको परिभाषा गर्नुपरेको छ- नम्बर १ ।

नम्बर २- आजको मुख्य सवाल यदि त्यो हामी गर्न सकेनौं भने दुर्घटनामा जानसक्छ । प्रतिनिधि सभा विघटन भएर मात्रै दुर्घटनामा जाने होइन । दुर्घटनाका विभिन्न रूपहरू हुन सक्छन् । र मलाई लाग्छ अहिले नेपाल देशले चाहेको कुरा के हो भन्दाखेरि भ्रष्टाचार (corruption) को न्यूनीकरण सुशासन चाहेको छ । यो मुलुकले सुशासन हामीले कायम गर्न सकेनौं भने चाहे गठबन्धनको सरकार होस् । चाहे अरू सरकार होस् यो मुलुकमा सुशासन भ्रष्टाचारको न्यूनीकरण र प्रकारान्तरले निर्मुलीकरण । यदि यो विषयलाई राम्री हामी सम्बोधन गर्न सकेनौं भने यो मुलुक राजनीतिक दुर्घटनामा जान सक्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र दुर्घटनामा जान सक्छ । हाम्रो आँखाको अगाडि हेर्दाहेर्दै जान्छ । त्यसको लागि कुनै समय पर्खिनुपर्दैन । त्यसकारण यसलाई मेजर भाइटल इस्युको रूपमा लिने कि नलिने ? मुलुकको मेजर पोलिटिकल फोर्सेसको अगाडि यो चाहिँ चुनौतीको रूपमा खडा भएको छ ।

तेस्रो कुरा- उत्पादनमुखी विकास Production Oriented Development उत्पादन नहुन्जेलसम्म उत्पादनमुखी विकास नहुन्जेलसम्म जनताले रोजगारी नपाउन्जेलसम्म, जनताको पर्चेजिङ पावर आम्दानी बढेर पर्चेजिङ पावर क्रम शान्ति नबढुन्जेलसम्म । यो मुलुकको उभो लाग्दैन । इकोनोमिकल्ली यो मुलुक उभो लाग्दैन । बजेटले त्यो एउटा चाहिँ दिशा

निर्देशन लिएको छ । त्यतातिर हामी इकोनोमिक प्रोग्राम लिएर जान्छौं कि जाँदैनौं । यो मूल सवाल हो । खालि श्रीलङ्काको कुरा गरेर मात्रै हुँदैन । यी सवालतिर हाम्रो ध्यान गयो भने । हाम्रो मुलुक श्रीलङ्कातिर जाँदैन । कतैतिर जाँदैन हाम्रो मुलुक हाम्रै तिर रहन्छ । नयाँ दिशामा सामाजिक, आर्थिक रूपान्तरणको दिशामा मुलुक जान्छ । त्यसकारण तेस्रो विषय भनेको यो उत्पादनमुखी विकास ।

र चौथो- सम्बोधन नगरीकन नहुने विषय भनेको जनताको लागि सर्भिस डेलिभरी सेवा प्रभाहको प्रभावकारिता जनताले आज मालपोतमा जाँदाखेरि भूमि सुधार कार्यालयमा जाँदाखेरि, नागरपालिकामा जाँदाखेरि महानगरपालिकामा जाँदाखेरि, स्कुलमा जाँदाखेरि, स्वस्थ कुनै सेन्टरमा जाँदाखेरि जनताले क्विक डेलिभरी पाउँछ कि पाउँदैन ? यो चारओटा कुरा चाहे काँग्रेसले होस् कि । कम्युनिष्टले होस् कि । मधेसवादीले होस् कि । जुनसुकै सरकारले यो तीन चारओटा कुरालाई सम्बोधन गर्न सकेन भने मुलुकको सङ्घीय लोकतान्त्रिक गणतन्त्र धरापमा पर्न सक्छ । त्यो प्रतिक्रियावादी र प्रतिकान्तिकारीहरू यथा स्थितिवादीहरूले त्यतिकै रथमा चढेर आउँछ । र मुलुक दुर्घटनातिर जान्छ । त्यसकारण सम्माननीय अध्यक्ष महोदय, म यो कुरा बहुत गम्भीरताको साथ र बहुत भावुक भएर गम्भीरताको साथ देश र विदेशको परिस्थितिको विश्लेषण गरेर यो कुरामा नेपालका मुख्य हाम्रा शीर्ष सम्मानित नेताको अगाडि यो कुरा मैले राख्न खोजेको हुँ । धन्यवाद ।

<u>**पुनः पीठासीन**</u>:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्‌को गठनसम्बन्धी पत्र प्राप्त हुन आएको छ । म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति ०७८/०३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्‌मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको

सिफारिसमा श्री जनार्दन शर्मालाई मन्त्री पदमा नियुक्त गरी । हाल सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाली आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/०४/२३

मानानीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट जारी भएको वेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काऊ फुकाऊ आदेश पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३८ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कर्यविधि संवत् २०७९ साल असार मसान्तसम्म रहेकोमा ती आयोगबाट सम्पादन हुनुपर्ने शान्ति प्रक्रियाका बाँकी काम रहेकाले सोही ऐनको दफा ४२ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को २०७९/०३/३१ को निर्णयबाट ०७९ असोज मसान्तसम्म कार्यवाही थप गर्ने गरी आदेश जारी भएकोले सोही दफाको उपदफा (२) बमोजिम सङ्घीय संसदमा पेस गर्ने प्रयोजनको लागि उक्त आदेशको प्रतिलिपि यसै सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या ३ मा समावेश भएको विषय कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल भदौ ६ गते सोमवार अपराह्न १२:५९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल भदौ ६ गते सोमवार अपराह्न १२:५९ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगित:- १४:३२ बजे ।**